मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com



**बीवाईडीको प्राथमिकतामा पर्छ नेपाली बजारः लिउ**

*संवाद*
*पृष्ठ ७ मा*

वर्ष २ | अंक २९५ | २०८१ साल भाद्र २७ गते बिहीबार | Thursday 12, September 2024 | सूर्योदयः बिहान ५:४९ बजे | सूर्यास्तः साँझ ६:१३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## आठै जिल्लामा सिडिओलाई ज्ञापन पत्र



तस्बिरः (पर्सा)जिल्ला प्रशासन कार्यालयम ज्ञापनपत्र बुझाउँदै जसपाका नेताहरु ।

**सञ्जय मिश्रा**
**रौतहट ।**
केपी शर्मा ओली नेतृत्वको सरकारले हालै गरेको राजदूत नियुक्तिमा विरोध गर्दै जनता समाजवादी पार्टी नेपालले मधेशका आठ वटै जिल्लामा प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

पार्टीको निर्धारित कार्यक्रमअनुसार मधेश प्रदेशका ८ वटै जिल्लामा एकै साथ ज्ञापनपत्र बुझाइएको हो । सरकारले नियुक्ति गरेका १८ देशका राजदुत नियुक्ति संविधानको मर्म तथा भावना विपरीत रहेको र सरकारले विगतमा गरेको सम्झौताको मजाक उडाएकाले बदर माग गर्दै ज्ञापनपत्र बुझाइएको जसपा रौतहटका जिल्ला अध्यक्ष श्याम बिहारी यादवले बताए ।

ज्ञापनपत्रमा राजदूत नियुक्ति अविलम्ब खारेज गरी समानुपातिक समावेशी आधारमा सबै समुदाय र क्षेत्रको प्रतिनिधित्व हुने गरी पुनः नियुक्ति गर्न माग गरिएको छ । वर्तमान सरकारले एउटै समुदायका व्यक्तिलाई राजदूतमा नियुक्ति गरेर एकल जातीय राज्य बनाउने दुस्साहस गरेको ज्ञापनपत्रमार्फत आरोप लगाइएको छ ।

समावेशी सिद्धान्तका आधारमा राज्यको हरेक अंग, तह र निकायमा मधेशी, जनजाति, दलित, महिला, थारु, मुस्लिम, पिछडा बर्गलगायतका समुदायको समानुपातिक समावेशी सिद्धान्तमा आधारित संवैधानिक अधिकार पालना गर्नुपर्नेमा यसविपरीत सरकारले

*बाँकी पृष्ठ २ मा*

## १० लाखले विश्वविद्यालय नचल्नै भन्दै ज्ञापन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल मधेश प्रदेश समितिले मधेश प्रदेश सरकारले स्थापना गरेको विश्वविद्यालयमा चालु आर्थिक वर्षमा बजेट कटौती गरेको भन्दै मुख्यमन्त्री सतिश कुमार सिंहलाई ज्ञापनपत्र बुझाएको छ ।

मधेश प्रदेश समितिका अध्यक्ष बाल किशोर प्रसाद यादवको नेतृत्वमा बुधबार मुख्यमन्त्री कार्यालय पुगेका जसपाका नेताहरुले तत्कालीन लालबाबु राउत नेतृत्वको सरकारले मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालय, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरेको थियो भने जिल्ला अस्पतालको स्तरोन्नति गर्दै प्रादेशिक अस्पतालमा रुपान्तरण गरिएको विषयमा सरकारको ध्यानाकर्षण गराए ।

मधेश प्रदेश सरकारले दुवै विश्वविद्यालयलाई चालु आर्थिक वर्षमा मात्रै १०–१० लाख रुपैयाँ विनियोजन गरेपछि जसपा नेपालले मधेश प्रदेशको शैक्षिक अवस्था अन्य सबै प्रदेश भन्दा कमजोर रहेको भन्दै जसपा नेपालका मधेश प्रदेश समितिका अध्यक्ष यादवले वार्षिक शिक्षाका नाममा करोडौँ रुपैयाँ विदेशिनुबाट जोगाउन र सर्वसहुलियतमा यहाँका विद्यार्थीहरुलाई पठनपाठनबाट वञ्चित गर्ने दुष्प्रयास वर्तमान सरकारले गरेको आरोप लगाए ।

अध्यक्ष यादवले कुनै प्राइभेट संस्थालाई मलजल हुने गरी विदेशी दलालको इशारामा विश्वविद्यालय जस्ता भविष्य निर्माता संस्थासँग खेलवाड नगरी अविलम्ब आवश्यक पर्याप्त बजेट छुट्ट्याउन मागसमेत गरे । उनले उचित बजेट विनियोजन नगरे कडा आन्दोलन र संघर्षका कार्यक्रम गरिने चेतावनीसमेत दिए । ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री सिंहले विश्वविद्यालयको बजेटमा कमीकमजोरी भएको स्वीकार गरे । उनले छिट्टै उपयुक्त बजेट रकमान्तरण गर्ने विश्वास व्यक्त गरे ।

ज्ञापनपत्र बुझाउनेमा केन्द्रीय सदस्यहरु लालकिशोर साह, स्मृति मिश्र, प्रेम चन्द्र झा, मधेश प्रदेशका सचेतक सभासद रामअशिष यादव, जसपाका मधेश प्रदेश समितिका नेता जीतेन्द्र यादव, जिल्ला अध्यक्ष पशुपति यादव लगायतका नेता कार्यकर्ताको उपस्थिति थियो ।

# भारत पुगेर अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा सहयोग माग



**मधेशदृष्टि**
**काठमाडौं ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल प्रभावकारी रुपमा सञ्चालन गर्न छिमेकी मुलुकको बलियो सहयोग आवश्यक रहेको बताएका छन् । भैरहवा र पोखरा विमानस्थलको रुटलगायतका विषयमा छिमेकी मुलुक भारतको सहयोग जरुरी भएको विषय उनले भारत नै पुगेर उठाएका हुन् र सहयोग मागेका हुन् ।

भारतको नयाँ दिल्लीमा शुरु भएको अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को एशिया प्रशान्त क्षेत्रको मन्त्रिस्तरीय दोस्रो सम्मेलनमा उनले दुई अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छिमेकी देशको सहयोगको अपेक्षा गरिएको बताए । पर्यटनमन्त्री पाण्डेले आइकाओ तथा अन्य सदस्य मुलुकलाई नेपालमा उड्डयन क्षेत्रको अनुसन्धान तथा तालिम केन्द्र स्थापना गर्न आग्रह गरे । यस प्रयोजनका निम्ति आवश्यक सहजीकरण गर्न सरकार तयार रहेको उल्लेख गरे ।

'हाम्रा अन्तर्राष्ट्रिय विमानस्थल अहिलेसम्म सर्टिफाइ भइसकेका छन्, पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न क्षेत्रीय सहयोगको अपेक्षा गरेका छौँ,' उनले भने, 'यसबाट हाम्रो नागरिक उड्डयन क्षेत्रको निरन्तर सुधारप्रतिको हाम्रो प्रतिबद्धता स्पष्ट हुनेछ ।'

नेपाल हवाई सुरक्षाका लागि क्षमता अभिवृद्धिप्रति प्रतिबद्ध रहेको र आइकाओको युनिभर्सल सेफ्टी ओभरसाइइट अडिट प्रोग्राम (युएसओएपी) कार्यान्वयनका विषयमा नेपालले सन् २०२२ मै विश्वका अरु मुलुकको हाराहारीमा उपलब्धि हासिल गरेको स्मरण गराए ।

उनले भने, 'सन् २०२२ को लेखापरीक्षणमा नेपालले सरदर ७० प्रतिशतको हाराहारीमा अङ्क हासिल गरेको कुरा यहाँ जानकारी गराउन पाउँदा म हर्षित छु । नेपालले 'ग्लोबल एभियसन सेफ्टी प्लान'का मुख्य सिद्धान्तलाई 'नेशनल सेफ्टी प्लान'मा सफलतापूर्वक एकीकृत गराइसकेको छ ।'

मन्त्री पाण्डेले सिकागो सम्मेलनको एउटा हस्ताक्षरकर्ता मुलुक भएका नाताले नेपालले सम्मेलनका सिद्धान्तलाई स्वीकार गरेको बताए । उनले दुर्घटना अनुसन्धानको स्वतन्त्र जाँचबुझ गर्न स्थायी निकायको स्थापनाका लागि नयाँ कानून निर्माणको काम अगाडि बढाइएको जानकारी दिए ।

उनले नेपालमा क्षेत्रीय अनुसन्धान तथा तालिम केन्द्रको स्थापना गर्नुक साथै एयर नेभिगेशन सर्भिस (एएनएस)सँग सम्बन्धित खोजी तथा उद्धार, मौसमसम्बन्धी सेवा र एयर ट्राफिक फ्लो म्यानेजमेन्टजस्ता विषयमा भएका राम्रा प्रयासको प्रवद्र्धनका लागि संयुक्त रुपमा काम गर्न सकिने धारणा राखे ।

नयाँ दिल्लीमा जारी दुईदिने एशिया प्रशान्त क्षेत्रको मन्त्रिस्तरीय सम्मेलन भारत सरकार र आइकाओले संयुक्त रुपमा आयोजना गरेको हो । एशिया प्रशान्त क्षेत्रमा नागरिक उड्डयनलाई थप प्रभावकारी बनाउन नयाँ रोडम्याप तयार गर्ने उद्देश्यले आयोजित सम्मेलन बिहीबार समापन भएको छ । समापन समारोहलाई भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सम्बोधन गरेका थिए । सम्मेलनमा .करिब ४१ देशका दुई सय ५० भन्दाबढी प्रतिनिधिको सहभागिता थियो ।

## उपसभामुखबारे निर्णय लिन संसदीय दलको बैठक

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाली कांग्रेसले प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानाका विषयमा उठेका प्रश्नबारे संसदीय दलको बैठकबाट निर्णय लिने निष्कर्ष निकालेको छ । पार्टी सभापति शेरबहादुर देउवाको बूढानीलकण्ठस्थित निवासमा बुधबार बसेको शीर्ष नेताहरुको बैठकले उपसभामुखका विषयमा सत्तासाझेदार दलहरुसँग छलफल र परामर्श गरी आवश्यक निर्णय लिइने कांग्रेस संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेले बताए ।

'पार्टीका शीर्ष नेताहरुको अनौपचारिक बैठकमा मुलुकको समसामयिक राजनीतिबारे छलफल भयो । उपसभामुखको विषयमा संसदीय दलको बैठक राखी निर्णय गर्ने र सरकारमा आवद्ध दलहरुसँग पनि समन्वय गरेर अगाडि बढ्ने निर्णय भएको छ,' उनले भने । मङ्गलबार बसेको प्रतिनिधिसभा बैठकमा सत्तारुढ दलका सांसदहरुले राजीनामा गरेर मार्ग प्रशस्त गर्न उपसभामुख रानालाई सुझाव दिएका थिए । बुधबार पनि संसदमा नेपाली कांग्रेसका सांसदहरुले उपसभामुख रानालाई राजीनामा गरेर मार्गप्रशस्त गर्न आग्रह गरेका थिए ।











**धान खेतीः** धनुषाको औरही गाउँपालिका–३ स्थित कष्टौलको खेतमा हरियाली देखिएको धान खेती । तस्बिरः चन्द्रदेव साह

# मधेश प्रहरी प्रमुखमा आचार्य



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गृह मन्त्रालयले मधेश प्रदेश प्रहरी प्रमुख फेरेको छ । डीआईजी लालमणि आचार्यलाई मधेश प्रहरी प्रमुखको जिम्मेवारी दिइएको छ ।

हालका प्रमुख यज्ञविनोद पौडेलमाथि आन्तरिक छानबिन चलिरहेका बेला उनको सरुवा भएको हो । उनलाई प्रहरी प्रधान कार्यालय सरुवा गरिएको छ । शंकास्पद आर्थिक कारोबार देखिएको भन्दै प्रहरी प्रधान कार्यालयले पोखरेलमाथी छानबिन गरिरहेको छ । उनी एक वर्षे कार्यकाल पुरा नहुँदै तानिएका हुन् । सामान्यतया इन्र्चाजको कार्यकाल एक वर्ष हुन्छ । गृह मन्त्रालय स्रोतका अनुसार गृहमन्त्री रमेश लेखकले मन्त्रीस्तरीय निर्णय गर्दै बुधबार यज्ञविनोद पोखरेल, लालमणि आचार्य र राजेश बास्तोलाको सरुवा भएको हो । यस्तै नेपाल प्रहरी शिक्षालय भरतपुर शिक्षालयमा भने प्रहरी प्रधान कार्यालय अन्तरगत रहेको अन्वेषण योजना तथा विकास निर्देशनालयका प्रमुख डीआईजीपी राजेशनाथ बास्तोलालाई पठाइएको छ ।

# खुर्पा प्रहार गरी श्रीमतीको हत्या

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको निजगढमा गएराति श्रीमान्ले खुर्पा प्रहार गरेर श्रीमतीको हत्या गरेका छन् । निजगढ नगरपालिका ९ भमरा टोलका ४५ वर्षीय बिमल बस्नेतले ४० वर्षीया श्रीमती लक्ष्मी राईको हत्या गरेका हुन् । आपसी विवादका क्रममा बिमलले श्रीमती लक्ष्मीमाथि खुर्पा प्रहार गरेको र घटनास्थलमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ । खुर्पा प्रहारबाट उनको घाटी र हातमा चोट लागेको थियो । सो क्रममा खुर्पा प्रहार गरिरहेका बुवालाई रोक्न पुगेका छोरीहरु समेत घाईते भएका छन् । घाईते हुनेमा १८ वर्षीया गंगा र १५ वर्षीया जमुना रहेका छन् ।

घाइतेमध्ये गंगाको हातमा गम्भीर चोट छ । श्रीमती र छोरीमाथि खुर्पा प्रहार गर्ने बस्नेतलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उनले विवादका क्रममा खुर्पा प्रहार गरेको प्रारम्भिक बयान दिएका छन् ।

# नीति तथा योजना आयोगमा नेपाल

**हेटौँडा ।**
बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा गङ्गादत्त नेपाललाई नियुक्त गर्ने निर्णय गरेको छ । उनी यसअघि पनि आयोगको सदस्य थिए । बैठकले सिन्धुपाल्चोकका नेपाललाई उपाध्यक्ष, सदस्यमा काभ्रेपलाञ्चोकका गुणराज मोक्तान र काठमाडौका दीपेन्द्र श्रेष्ठलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा योजनामन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

यस्तै, प्रदेश खेलकुद विकास परिषद्को सदस्य–सचिवमा नुवाकोटका दीपक लामा नियुक्त भएका छन् । सामाजिक विकास मन्त्रालयको प्रस्ताव र खेलकुद मन्त्रालयको स्वीकृतिमा उनी नियुक्त भएका हुन् । बैठकले श्रम, रोजगार तथा यातायात र कृषि तथा पशुपक्षी विकास मन्त्रालयको कर्मचारी दरबन्दी स्वीकृत गरेको छ । यसैगरी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको सङ्घीय इकाइको कार्यालयका लागि प्रदेश सरकारले विनियोजन गरेको बजेट खर्चलाई पनि स्वीकृति प्रदान गर्ने निर्णय गरिएको प्रवक्ता लामिछानेले जानकारी दिए ।

# ३५ हजारले चालक अनुमतिपत्र लिन बाँकी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
यातायात व्यवस्था कार्यालय जनकपुरधामबाट ३५ हजारले चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) प्राप्त गर्न बाँकी छ । सम्पूर्ण प्रक्रिया पूरा गरेर पनि नयाँ अनुमतिपत्र, नवीकरण तथा प्रतिलिपिका लागि निवेदन दिएकाले स्मार्ट लाइसेन्स छापेर नआउँदा यस्तो समस्या भोग्नुपरेको हो ।

विगत अढाइ वर्षदेखि अनुमतिपत्र उपलब्ध गराउन नसकिएको कार्यालयको प्रशासन शाखाले जनाएको छ । अनुमतिपत्रका लागि वार्षिक १० हजार व्यक्ति थपिइरहेका छन् । चालकले कार्यालयबाट काटेको रसिद तथा अन्य प्रमाणको आधारमा सवारीसाधन चलाइरहेका छन् ।

चालक अनुमतिपत्रलगायत विभिन्न शीर्षकबाट कायालयले गत आर्थिक वर्ष २०८०–८१ मा ६३ करोड १५ लाख ३२ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । सवारीकरबापत ४३ करोड ३३ लाख ५८ हजार दुई सय पाँच रुपैयाँ, सवारी दर्तासम्बन्धी दस्तुरबापत १० करोड ५७ लाख २८ हजार नौ सय १० रुपैयाँ, सवारी चालक अनुमतिपत्रबापत आठ करोड ४३ लाख २६ हजार पाँच सय रुपैयाँ, रुटपर्मिटबापत ४१ लाख ६८ हजार छ सय ४० रुपैयाँ, आयकरबापत एक करोड २३ लाख ३३ हजार एक सय ८० रुपैयाँ, सडक मर्मतसम्भारबापत पाँच लाख ५२ हजार चार सय ३१ रुपैयाँ तथा अन्यबाट ४४ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

६८ बस, २४ ट्रक, ३८ क्रेन तथा डोजर, छ वटा मिनि बस एवम् मिनि ट्रक, ६६ कार र जीप, ५० पिकअप भ्यान, माइक्रो बस तीन, एम्बुलेन्स ११, टेम्पो एक हजार १०, इरिक्सा सात सय चार, मोटरसाइकल छ हजार दुई सय ८१, ट्र्याक्टर तथा पावर टेलर एक सय ६७, इभ्यान २८, इकार १९ तथा इमाइक्रोबस सात वटा दर्ता तथा नवीकरण भएको कार्यालयले जनाएको छ । मधेश प्रदेश सरकारअन्तर्गत आठ जिल्लामा यातायात व्यवस्था कार्यालय सञ्चालनमा छन् ।

# मुख्यमन्त्रीसँग युएसएडका निर्देशकको भेट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहसँग युएसएडको नेपाल मिसनका नयाँ निर्देशक क्याटी डोनोहोईले बुधबार शिष्टाचार भेट गरेकी छिन् । जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यमन्त्री सिंहलाई भेटेर नेपाल र खासगरी मधेश प्रदेशमा विकास तथा समृद्धिका लागि युएसएडका प्रयास एवम् साझेदारीबारे जानकारी गराएकी हुन् ।

भेटमा प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन सिंह कोइरी, खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद जयसवाल, नीति तथा योजना आयोगका उपाध्यक्ष डा.सोहन साहलगायत सहभागी थिए ।

मुख्यमन्त्री सिंह र युएसएडको नेपाल मिसनका नयाँ निर्देशक डोनोहोईबीच सरकारहरू तथा विभिन्न गैरसरकारी संस्थासँगको साझेदारीमा मधेश प्रदेशका युएस एडले गरेका र भविष्यका निश्चित एवम् सम्भावित कार्ययोजनाको अर्थपूर्ण नतिजाका विषयमा समेत छलफल भएको छ ।

मुख्यमन्त्री सिंहले प्रदेशका सीमान्तकृत, पिछडिएका र अल्पसंख्यक जनताको आर्थिक तथा सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि युसएडको प्रयासको सराहना गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास र जीविकोपार्जनका क्षेत्रमा प्रदेश सरकार युएस एडसँग काम गर्न इच्छुक रहेको बताए ।

उनले प्रदेश सरकारले अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहायता साझेदारीका क्षेत्र पहिचान गरी नीतिगत गृहकार्य गरिसकेको भन्दै साक्षरता, विद्यालय शिक्षामा उमेर पुगेका सबै बालबालिकाको पहुँच तथा आधारभूत शिक्षाको गुणस्तरवृद्धि, प्रदेशका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादन तथा तिनको रोजगारीको अवसर सुनिश्चितता, गाउँघरमै आधारभूत स्वास्थ्यका सम्पूर्ण सेवाको प्रभावकारी व्यवस्थापनलाई प्राथमिकतामा राखेको प्रस्ट्याए ।

युएसएडको नेपाल मिसनका निर्देशक डोनोहोईले मुख्यमन्त्री सिंहलाई सरकारहरू तथा विभिन्न गैरसरकारी संस्थासँगको साझेदारीमा मधेश प्रदेशका पिछडिएका, सीमान्तकृत तथा जोखिममा रहेका व्यक्तिको आर्थिक, सामाजिक, राजनीतिक तथा वातावरणीय उन्नयनका लागि भएका प्रयास तथा त्यसबाट प्राप्त उपलब्धिबारे बताउँदै विभिन्न विषयगत क्षेत्रमा मधेश प्रदेश सरकारसँग साझेदारी गर्न युएसएड उत्सुक रहेको बताइन् ।

# संशोधन विधेयकमाथि विचार गरियोस् प्रस्ताव पारित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको बैठकले प्रदेश सभा सचिवालयसम्बन्धी ऐन २०७९ संशोधन गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतले पारित भएको छ । बैठकमा विधेयकमाथि प्रदेश सभा सदस्यहरुले राखेको प्रश्नहरुको जवाफ दिँदै गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले संशोधन विधेयकमा प्रदेश सभा सदस्यहरुले दिएको सुझाव निकै महत्वपूर्ण रहेको बताउँदै सुझावहरुका आधारमा परिष्कृत गरेर लैजान आफू तयार रहेको बताए । संशोधन विधेयकमाथि राम अशिष यादव, उपेन्द्र महतोलगायतले आआफना सुझाव दिएका थिए । विधेयकमाथि संशोधन हाल्न ७२ घण्टाको समय दिइएको छ ।

# करिब चार करोड बराबरको मदिरा बरामद





**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले बिल बिजक भन्दा बढीको विदेशी मदिरा व्हिस्की र कम्प्युटरको माउस लोड रहेको दुईवटा ट्रक नियन्त्रणमा लिएको छ । विशेष सूचनाको आधारमा वीरगंज महानगरपालिका वडा नम्बर २५ स्थित सडक खण्डबाट प्रहरीले उक्त सामान सहितको दुई वटा ट्रक नियन्त्रणमा लिएको हो । मंगलबार राति जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले वीरगंजबाट काठमाडौँ तर्फ जादैँ गरेको लु.१ ख ७५३२ र ना ३ ख ५४९ नम्बरको ट्रक नियन्त्रणमा लिएको प्रहरी नायब उपरीक्षक प्रवक्ता दिपक भारतीले बताए । ट्रकमा बिल बिजक भन्दा ३ करोड ९३ लाख ८८ हजार ६३१ मूल्य बराबरको बढी सामान लोड रहेको भेटिएको डिएसपी भारतीले बताए । बरामद सामानसहित ट्रकलाई आवश्यक कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको पर्सा प्रहरीले जनाएको छ ।

उता, बारा प्रहरीले बिल बिजकभन्दा बढी समानको स्रोत खुलाउन नसकेको करिब ३६ लाख १२ हजार ४ सय ६८ रुपैयाँ बराबारको कपडा, पेन्ट, मोटर पार्टस्, चक्लेट र अन्य समान बरामद गरेको छ । मंगलबार राति जीतपुर सिमरा उपमहानगरपालिका वडा नं – १ पथलौया चोकबाट वीरगंजबाट झापा तर्फ जाँदै गरेको ना ३ ख १६४३ नम्बरको ट्रक चेकजाच गर्दा सो रकम बराबरको समान बरामद गरी आन्तरिक राजस्व कार्यालय पथलैयामा बुझाएको बारा प्रहरीले जनाएको छ ।

# अब शिक्षकको तलब व्यक्तिगत खातामा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले महानगरभित्रका सामुदायिक शिक्षकहरुको तलब अबदेखि सोझै शिक्षकहरुकै व्यक्तिगत खातामा जाने व्यवस्था मिलाएको छ । विगतमा विद्यालयमा पठाएर तलब बुझ्दै आएका शिक्षकहरुले अबदेखि भने आफ्नै खातामा मासिक रुपमा तलब बुझ्ने भएका हुन् । वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मातृका भट्टराईले बुधबार एक सूचना जारी गर्दै महानगरभित्रका सबै सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताहरुलाई आफ्नो तलबी खाता नविल बैंकमा खोलेर सोको विवरण भदौ ३१ गते भित्र महानगरपालिकालाई बुझाउन आह्वान गरेका छन । यसअघि सामुदायिक विद्यालयको बैंक खातामा रकम जम्मा गर्ने गरिएकोमा अबदेखि भने सिधै सम्बन्धित शिक्षक कर्मचारीको खातामा तलब जाने व्यवस्था मिलाइएको महानगर प्रमुख राजेशमान सिंहले बताए । महानगरको शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले शिक्षक कर्मचारीले उपलब्ध गराएको नबिल बैंकको खातामा तलब पठाइने जानकारी दिए । विगतमा विद्यालयको खातामा तलब निकासा हुँदा समयमै तलब लिन शिक्षकहरुलाई झन्झट हुने गरेकोमा अब भने महानगरले शिक्षकहरुको समस्या बुझेर सोझै खातामा तलब जाने व्यवस्था मिलाएको पनि उनले बताए । त्रिजुद्ध माध्यमिक विद्यालयका प्रधानाध्यापक नविन मिश्रले वीरगंज महानगरपालिकाले शिक्षकहरुको तलब मासिक रुपमा उनीहरुकै ब्यक्तिगत खातामा सोझै निकासा गर्ने व्यवस्था मिलाउनु प्रसंसनीय भएको बताए ।

# बिहीबार साँझदेखि शनिबार बिहानसम्म मनसुन सक्रिय

**काठमाडौ ।**
जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान माहाशाखाले बिहीबारदेखि वर्षा शुरु भएर तीन दिनसम्म वर्षा हुने पूर्वानुमान गरेको छ । विभागद्वारा बिहीबार जारी विशेष मौसमी बुलेटिनमा देशका केही स्थानमा भारी वर्षासमेत हुने जनाउँदै आवश्यक सतर्कतासमेत अपनाउन आग्रह गरेको छ ।

महाशाखाका मौसमविद् शान्ति कँडेलले हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा दक्षिणतिर अवस्थित रहेको बताइन् । उनले मौसमको यस्तो स्थिति भए पनि हाल भारतको मध्यप्रदेश आसपासमा अवस्थित न्यून चापीय प्रणाली थप विकसित भई उत्तर–पश्चिमतिर (नेपाल नजिक) सर्ने सम्भावना देखिएको जानकारी दिइन् । ‘यो प्रणालीको प्रभावले बिहीबार साँझदेखि शनिबार बिहानसम्म विशेषगरी नेपालको पश्चिमी क्षेत्रमा मनसुन सक्रिय भई वर्षा हुने सम्भावना छ,’ उनले भनिन्, ‘तसर्थ आवश्यक सतर्कता अपनाउन आवश्यक छ ।’

महाशाखाद्वारा जारी बुलेटिनमा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साधारणतयादेखि पूर्णतया बदली र बाँकी प्रदेशहरूमा आंशिकदेखि साधारणतया बदली रहने उल्लेख छ । ‘गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन–चट्याङ–हावाहुरीस हित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ,’ जारी विशेष बुलेटिनमा भनिएको छ, ‘लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरूमा भारीदेखि धेरै भारी तथा बाँकी प्रदेशका एक–दुई स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको छ । सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको छ ।’

बुलेटिनअनुसार बिहीबार राति गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । साथै कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको बुलेटिनमा उल्लेख छ ।

महाशाखाले वर्षाका कारण भूक्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र मनसुनमा रातिको समयमा पानी पर्ने सम्भावना बढी हुने गरेकाले शहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने जनाएको छ ।

यसैगरी दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउनु हुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरेको छ । रासस

# आठै जिल्लामा सिडिओलाई...

असमावेशी असंवैधानिक राजदूत नियुक्ति गरेको ज्ञापनपत्रमा उल्लेख छ ।

२०६४ भदौ १३ गते तत्कालीन मधेशी जनाधिकार फोरम नेपाल र नेपाल सरकारबीच भएको २२ बुँदे सम्झौता तथा २०६४ फागुन १६ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र नेपाल सरकारबीच भएको ८ बुँदे सम्झौताअनुसार सरकारले राज्यका सम्पूर्ण संरचनाको सबै अंग र तहका साथै शक्ति साधन र स्रोतमा सन्तुलित समानुपातिक प्रतिनिधित्व गर्नु पर्नेमा अहिले सरकारले गरेको १८ देशका राजदूत नियुक्तिमा सम्झौताविपरीत रहेकाले खारेज गर्नु पर्ने ज्ञापनपत्रमा उल्लेख छ ।

# पाँच महिनामा आठ सय बढी सर्पदंशका घाइतेको उपचार

**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पतालमा वैशाख यता ८ सय ५८ जना सर्पदंशका घाइतेहरुको उपचार भएको छ । विशेषगरी गर्मी तथा बर्षायाममा तराई मधेशमा जमिनको सतह मुनि लुकेर बसेका विषालु सर्प बाहिर निस्किदा सर्पदंशका घटनाहरु हुने गरेका छन् ।

नारायणी अस्पतालमा बारा, पर्सा, रौतहट र सर्लाही जिल्लाबाट सर्पदंशका घाइतेहरु गम्भिर अवस्थामा ल्याईने गरेको र उनीहरुको उपचार अस्पतालले गर्दै आएको छ । वैशाखदेखि भदौ २६ गते सम्मको अवधिमा नारायणी अस्पतालमा ८ सय ५८ जना सर्पदंशका घाइतेहरुको सफल उपचार भएको छ । उपचारार्थ ल्याईएका मध्ये ३ जनाको उपचारको क्रममा मृत्यु भएको नारायणी अस्पतालका आकास्मिक सेवा कक्षका प्रमुख डा.उदय नारायण सिंहले बताए । उनले नारायणी अस्पतालमा दैनिक रुपमा सरदरमा ८÷९ जना सर्पदंशका घाइतेहरु आउने गरेको र उनीहरु मध्ये ३ जनाको अवस्था गम्भिर हुने गरेको जानकारी दिँदै वैशाखदेखि हालसम्म सर्पदंशका २३ जना घाइतेलाई भेन्टिलेटरमा राखेर सफल उपचार गरिएको बताए । नारायणीमा सर्पदंशको सम्पूर्ण उपचार सूविधा भए पनि अस्पतालमा ल्याउन ढिलाई गर्दा घाइतेहरुको बिचबाटोमै तथा घरमा मृत्यु हुने गरेको चिकित्सक सिंहले बताए ।

यसैबीच बारामा विषालु सर्पको टोकाइबाट ११ वर्षीय बालकको मृत्यु भएको छ । घरमा सुतिरहेका बेला विषालु सर्पले टोक्दा बाराको महागढीमाई नगरपालिका वडा नम्बर १० निवासी शिवचन्द्र लोहारका ११ वर्षीय छोरा राकेश शर्माको मृत्यु भएको छ ।

सोमबार राति गोमन सर्पले टोकेर सिकिस्त भएका बालकलाई आफन्तले ढिलो गरी कलैया अस्पताल पुर्याउँदा उनको मृत्यु भएको प्रादेशिक अस्पताल कलैयाका सूचना अधिकारी प्रेमकुमार पण्डितले जानकारी दिए । सर्पले टोके पनि मुसाले टोकेको ठानेर अभिभावकले बालकलाई अस्पताल पुर्याउन ढिलाई गरेका कारण उनको मृत्यु भएको पाइएको छ ।

# नयाँ विद्यालयको ईजाजत दिन ७ दिने अल्टिमेटम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल सरकारको गुठी शिक्षा ऐन फुकुवा गरी नयाँ विद्यालय संचालन गर्ने ईजाजत दिन नेपाल सद्भावना पार्टीले जनकपुरधामका नगरप्रमुखलाई ज्ञापन पत्र बुझाएको छ । सद्भावनाले बुधबार उपमहानगरपालिकाको नगर प्रमुख मनोज कुमार साहलाई कार्यकक्षमा भेटेर ७ दिने अल्टिमेटम सहितको ज्ञापन पत्र बुझाएको हो । धनुषा जिल्लाका अन्य पालिकाहरु तथा छिमेकी जिल्लाहरुका पालिकाहरु समेतमा गुठी शिक्षा ऐन अन्तर्गत नयाँ विद्यालयहरु संचालन गर्ने अनुमति विगत ५—६ वर्षदेखि दिइरहे पनि जनकपुरधाम उपमहानगरपालिकामा निरंकुशतापूर्ण ढाकछोप गरेर राखेको कारण हामी बाध्य भएर नगर प्रमुख साहलाई गुठी शिक्षा ऐन फुकुवा गर्न ज्ञापन पत्र बुझाएको नेपाल सद्भावना पार्टीको केन्द्रीय अध्यक्ष राम कुमार महतोले बताए ।

'अहिले शिक्षाप्रति विद्यार्थीहरुको ध्यान केन्द्रित नभएको कारण अहिले एसइईको परीक्षाफल संतोषजनक देखिदैन । शिक्षामा सुधारको लागि अझै नयाँ तथा आधुनिक विद्यालयहरुको संचालन आवश्यक रहेको छ ।' अध्यक्ष महतोले भने, 'राष्ट्रको सर्वाङ्गीण विकासको लागि चाहिने दक्ष जनशक्ति तयार पार्न हामीले ज्ञापन पत्र बुझाएका हौं ।'

नेपाल सरकारको कार्यमा सहकार्य गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने सेवाको भावनाबाट प्रेरित भई शिक्षा ऐन, शिक्षा नियमावली तथा प्रचलित कानून अनुसार संस्थागत विद्यालयलाई दिगो रुपमा संचालन तथा व्यवस्थापन गर्न शिक्षा ऐन २०२८ को दफा ३, जनकपुरधाम उपमहानगरपालिका शिक्षा ऐन २०७७, दोस्रो संशोधन मिति २०७९।०३।१० को बुँदा नं.—५ को उपबुँदा १,२ र ३ को बमोजिम, शिक्षा नियमावली २०५९ को नियम ११ को व्यवस्था बमोजिम सार्वजनिक वा निजी शैक्षिक गुठीको विधान बमोजिम र नयाँ विद्यालय संचालन गर्ने तथा अनुमति दिने नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हकको (५) मा उल्लेख भए तापनि हालसम्म जनकपुरधाम उपमहानगरपाालिका धनुषा अन्तर्गत जनकपुरधाममा संचालित विभिन्न संस्थागत विद्यालयहरुले विगत ६—७ वर्षदेखि नियमित रुपमा नयाँ अनुमतिका लागि शिक्षा शाखामा पटक—पटक निवेदन दर्ता गराए पनि अहिलेसम्म ती विद्यालयहरुले नयाँ दर्ता प्रमाणपत्र तथा ईजाजत पत्र नपाएको गुनासो ज्ञापन पत्रमा गरिएको छ ।

'सार्वजनिक तथा नीजि गुठी अन्तर्गत नयाँ विद्यालय संचालन गर्ने गराउने शिक्षा ऐन भए तापनि यस तथ्यलाई लुकाई सोलाई कार्यान्वयनमा नल्याई उल्टो २०८० साल बैशाख २६ गते देखि अनुगमन गरेर जनकपुरधामका करिव १३ वटा नीजि विद्यालयहरुलाई जनकपुरधाम शिक्षा महाशाखाको अगुवाईमा बन्द गर्ने चिठी थमाइयो ।' ज्ञापन पत्रमा उल्लेख गरिएको छ । जनकपुरधाममा अनुगमन पनि शान्तिपूर्ण तरिकाले नगरी अशान्त तथा त्रासपूर्ण वातावरणमा गरिएको उपस्थित विद्यार्थीहरु तथा शिक्षकहरु समेत त्यसको प्रमाण रहेका अध्यक्ष महतोले बताए ।

निर्णय अनुसार मापदण्ड विपरीत रहेका सबै विद्यालयहरुको अनुगमन हुने भनिए पनि नयाँ विद्यालयहरुको मात्र अनुगमन गरी अनुगमन रोकियो । जबकि जनकपुरधाममा शिक्षा ऐनको मापदण्ड विपरीत कैयौं विद्यालयहरु संचालनमा छन् । ती विद्यालयहरुले नै पटक पटक अवैध विद्यालय बन्द हुनु पर्छ भनी पालिकामा दबाब दिएको बुझिएको छ । के अरुको दबाबमा गर्नै नहुने काम गर्ने हो त ? विद्यालय पनि अवैध हुन्छ र ? यो त शान्ति क्षेत्र हो । विद्यालय भनेको शिक्षाको ज्योति तथा प्रकाश दिने थलो हो । विद्यालय भनेको त हाम्रो गुरु, आमा, बुबालाई आदर गरिने मन्दिर हो । यसलाई व्यवस्थित गर्ने काम स्थानीय निकायको हो । विधि र प्रक्रिया नपुगेका लागि मित्रवत व्यवहार गरी जानकारी तथा सूचनाको आधारमा व्यवस्थित गर्ने हो भन्ने कुरा ज्ञापन पत्रमा लेखिएको छ ।

नेपालको संविधान २०७२ ले विद्यालय खोल्न पाउने प्रत्येक नेपालीको अधिकार रहेको अक्षरशः उल्लेख गरेको छ । नेपालको संविधानमा नभएको कानून कुनै पालिकाले बनाएर लागू गर्नु त्यो गैरकानूनी हो । अर्थात नयाँ विद्यालयलाई दर्ता तथा ईजाजत दिने गुठी शिक्षा ऐन भए पनि ईजाजत नदिई विद्यालय बन्द गर्न चिठी थमाउनु त्यो पो गैरकानूनी हो । कुनै पनि ऐनलाई मूर्त रुप दिने सम्बन्धित सरकारी कर्मचारीको दायित्व हो । के नेपाल सरकार तथा स्थानिय सरकारले बनाएको शिक्षा ऐन गलत हो त ? नेपाल सरकार तथा स्थानीय सरकारलाई चलाउन तथा कानून बमोजिम काम गर्न नेपालको संविधान तथा स्थानीय सरकारको ऐन तथा नीति नियमले बाँधेको हुन्छ । त्यसकारण गुठी शिक्षा ऐनलाई फुकुवा गरी नेपाल सरकारको निर्देशन पूर्ण रुपमा पालना गर्न पुरानो दर्ता भएका विद्यालयहरुलाई अबिलम्ब नयाँ विद्यालय संचालन गर्न ७ दिनभित्र ईजाजत पत्र दिनको लागि ज्ञापन पत्रमा लेखिएको छ ।

साथै नेपाल सरकारले आम जनतालाई दिएको सुविधा तथा अधिकारलाई खल्तीमा राखी ढाकछोप गरेर जनताको हक अधिकारलाई हनन गर्ने तथा अनावश्यक मानहानी सहित दुख दिने सम्बन्धीत कर्मचारी तथा जनप्रतिनिधिलाई कानूनको दायरामा ल्याई हदैसम्मको कारवाही अगाडी बढाउन समेत ज्ञापन पत्रमा अपिल गरिएको छ । ज्ञापनपत्र बुझाउन अध्यक्ष महतो सहित नेसपाको केन्द्रीय महासचिव पवन कुमार साह, केन्द्रीय सदस्य बुधन तथा मुरारी लाल कर्णको उपस्थिति रहेको थियो ।

# समाजवादी विद्यार्थीको जिल्ला भेला सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
समाजवादी विद्यार्थी युनियनको धनुषा जिल्ला भेला सम्पन्न भएको छ । समाजवादी विद्यार्थीको केन्द्रिय पदाधिकारीको व्यापक छलफल पश्चात निर्णयबाट तोकिएको जिम्मेवारी अनुसार केन्द्रिय सचिव बलिराम कापरीको अध्यक्षतामा जनकपुरधामस्थित बजरंग चौकको एक होटलमा भेला भएको हो । भेलाले नयाँ जिल्ला कार्य समिति गठन गर्न पाँच सदस्यीय कार्यदल गठन गरेको छ । जिल्ला भेलामा ५ सदस्यीय कार्यदललाई छिटो भन्दा छिटो जिल्ला कार्य समिति, धनुषा गठन गर्न जिम्मेवारी दिइएको छ । कार्यदलमा संयोजकमा विद्यार्थीको प्रदेश इन्चार्ज एवं जिल्ला सचिव बरुण यादव, सदस्यहरुमा केन्द्रियद्धय बिकास यादव र बलिराम कापरी, प्रदेश सचिव आमिन राईन तथा गौतम यादव रहेका छन् ।

साथै, विद्यार्थीको जिल्ला भेलामा प्रमुख अतिथिद्धय पुष्पा यादव, बिकास यादव, विशिस्ट अतिथि समाजवादी युवा संघ नेपाल मधेश प्रदेश समितिका कार्यवाहक अध्यक्ष कमलेश यादव र विद्यार्थीका प्रदेश सचिव आमिन राईन, युवा संघ धनुषा अध्यक्ष दिपेन्द्र कापडी तथा महोत्तरी जिल्ला अध्यक्ष सरोज यादव, विद्यार्थी नेता गौतम यादव र रामउदगार यादवको उपस्थिति रहेको थियो । भेलामा जनकपुरधामको १६ वटै कलेज÷क्याम्पसबाट विद्यार्थीहरु तथा ४ वटा क्याम्पसबाट एकाई समितिका विद्यार्थी, पार्टीका जिल्लाका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# कृषि तथा पशुपंक्षी बिमामा दुई करोड विनियोजन

**मधेशदृष्टि**
**वीरगंज ।**
कृषि तथा पशुपंक्षी बिमामा अनुदानका लागि मधेश प्रदेशले थप दुई करोड रुपैयाँ विनियोजना गरेको छ । बीमा प्राधिकरण र मधेश प्रदेश सरकारबीच बीमासम्बन्धी समयामयिक छलफलमा मुख्यमन्त्री सतिशकुमार सिंहले कृषि तथा पशुपन्छी बीमामा अनुदानका लागि थप दुई करोड छुट्याएको जानकारी दिए । अन्य प्रदेशमा सुरु गरिएको घर बीमा र दुर्घटना बीमाको प्रभावकारितालाई अध्ययन गरेर भविष्यमा आफूहरु पनि त्यसतर्फ अघि बढ्ने मुख्यमन्त्रीले बताए । उनले बीमा गरेपछि बीमा कम्पनीहरू बीमितसँग सम्पर्कमा नरहने गरेको गुनासाहरू आउने गरेको उल्लेख गर्दै बीमा गराउँदा बीमाका सर्तहरूका बारेमा बीमितलाई राम्रोसँग बुझाउनुपर्ने र बीमा सर्भेयर तथा बीमा अभिकर्ताका कामलाई लिएर आउने गरेका गुनासाहरूलाई सम्बोधन गर्न प्राधिकरणले अनुगमनमा जोड दिनुपर्ने बताए । कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा जटिल विषय नभएको बताए । दैनिक दुई कप चिया घटाउने हो भने त्यसको पैसाले बीमा गर्न पुग्ने उनले बताए ।

# जंगली जनावर आतंकबारे प्रदेश सभामा ध्यानाकर्षण




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका ग्रामिण क्षेत्रमा बाघ लगायतका जंगली जनावरको आतंकका बारेमा प्रदेश सभा सदस्य शंकर चौधरीले ध्यानाकर्षण गराएका छन् । पर्सा क्षेत्र नम्बर ४ (क) बाट निर्वाचित प्रदेश सभा सदस्य चौधरीले बुधवारको प्रदेश सभा बैठकमा शुन्य समयमा बोल्दै बाघ, हात्ती लगायतका जंगली जनावरको आतंकबाट जनतालाई मुक्त गर्न माग गरेका छन् । पर्साको जिराभवानी गाउँपालिका, ठोरी गाउँपालिका, पटेर्वासुगौली गाउँपालिका लगायतका ग्रामिण क्षेत्रमा हात्तीको आतंकले जनता त्राहिमाम भएको हुँदा सुरक्षाको व्यवस्था गर्न उनले आग्रह गरे । भदौ ७ गते मात्रै पर्साको जिराभवानी गाउँपालिका एक जनालाई बाघले आक्रमण गरेको घटना पनि उनले प्रदेश सभाको बैठकमा जानकारी गराएका थिए । पर्साको जंगल क्षेत्रसँग जोडिएको एरियामा प्रत्येक वर्ष बाघले आक्रमण गर्ने तथा अन्नबाली सखाप पार्ने जस्ता घटना भएपनि प्रदेश सरकारले कुनै पहल नचालेकोमा उनको आपत्ती प्रकट गरे ।

# राजस्वले शौर्य सिमेन्ट उद्योगसँग बयान लिने




**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको मिर्चैयास्थित शौर्य सिमेन्ट उद्योगमा विदेशी ब्राण्डको मार्लबोरो चुरोट भेटिएको प्रकरणमा राजस्व अनुसन्धान कार्यालय, इटहरीले उद्योगसँग बयान लिने तयारी गरेको छ । उद्योगमा म्याद गुज्रिएका र 'रि–लेबलिङ' गरिएका दुई प्रकारका मार्लबोरो चुरोट गत साउनमा जलाइएको र अझै केही चुरोट उद्योगभित्रै रहेको विषयमा समाचार सार्वजनिक भएको थियो । त्यसलगत्तै राजस्वले उद्योगसँग लिखित जवाफ मागेका छन् । उद्योगले गत १९ गते राजस्वको पत्रको जवाफ पठाए पनि त्यसमा सन्तुष्ट हुने अवस्था नभएपछि प्रत्यक्ष बयान लिने तयारी गरिएको राजस्व अनुसन्धान कार्यालय, इटहरीले जनाएको छ । 'उद्योगबाट आएको जवाफको पनि हामी अध्ययन गर्दैछौँ', राजस्वका प्रमुख खेमराज ओझाले भने, 'त्यसले मात्र सन्तुष्ट हुने अवस्था देखिएन । त्यसैले उद्योगसँग बयान लिने तयारी गरिएको छ ।'उद्योगलाई चाँडै बयानका लागि बोलाउने तयारी भइरहेको प्रमुख ओझाले जानकारी दिए । उनले बढी मूल्यको स्टिकर टाँसेर चुरोट बेची उपभोक्तालाई ठग्नुका साथै राजस्व पनि छली गरिएको देखिएकाले सूक्ष्म रुपमा अनुसन्धानमा जुटेको बताए ।






सम्पादकीय

# नयाँ नोटका पुरानै कुरा

सरकारले दशैँका सर्वसाधारणलाई नयाँ र सफा नोट दिने बताएको छ। नेपाल राष्ट्र बैंकले यसपटकको दशैँलाई लक्षित गरी असोज १३ गतेदेखि २२ गतेसम्म सफा तथा सुकिला नोटको सटही सुविधा दिन लागेको छ । आफ्नो भएको नगदलाई नयाँ नोटमा सटही गर्न पाउने सूचना आएको हो । नयाँ विषय होइन । बडादशैँमा माग हुने साना दरका नोट सटही गर्न पाउने स्थान र समय पनि तोकिएको छ ।

विराटनगर, जनकपुर, वीरगंज, पोखरा, सिद्धार्थनगर, नेपालगंज र धनगढीबाट २०८१ असोज १३ देखि २२ गतेसम्म सुकिला नोट सटही गर्न सकिने राष्ट्र बैंकले सूचना जारी गरेको छ । आफूसँग भएको नगद लिएर खर्च गरिगरी नोट साट्न जानु पर्ने अवस्थामा पनि खुशी हुनु पर्ने दिन आएको छ । बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरुले पनि छानेर पहुँच भएकालाई नयाँ नोट सटही गर्छ । उसो त सर्वसाधारणले खाता रहेको बैंक वा पायक पर्ने नजिकको जुनकुनै बैंक तथा वित्तीय संस्थामा गएरसमेत सफा तथा सुकिलो नोट साट्न सक्ने भनिएको छ ।

रमाइलो त के छ भने यसपटक सरकारले भनौँ या बैंकले दिने नोट नयाँ होइन । एकपटक प्रयोग भइसकेको नोट हो । विगतका वर्षका एकपटक पनि प्रयोगमा नआएका नयाँ नोटको सटही दिने गरेकामा यसपटक प्रयोगमा आइसकेका सुकिलो वा सफा नोट साट्न पाइने भएकाले धेरै खुशी हुनुपर्ने चैँ होइन । सफा र सुकिलो नोटको मौज्दात रहुञ्जेलसम्म नयाँ नोटको सटही नदिने अर्थात् सरकार नयाँ नोटसमेत दिन नसक्ने अवस्थामा छ । दशैको मुखमा सटही गरिएका नोट चाडबाड सकिएपछि बैंक तथा वित्तीय संस्थामा फिर्ता आउने र त्यसपछि ती नोटको माग ज्यादै न्यून हुने भएकाले ढुकुटीमा लामो समय थन्क्याएरै राख्नुपर्ने अवस्था रहेको भन्दै राष्ट्र बैंक नयाँ नोट भएर पनि नदिइरहेको हो, या देश आर्थिकरुपमा जर्जर भएरै बहाना बनाएको हो, बुझ्नै नसकिने अवस्था छ । विगतका दशैँमा सटही गरिएका नोटको दुईदेखि झण्डै तीन गुणासम्म सुकिला नोट राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाका ढुकुटीमा छन् । ती नोट ढुकुटीमा राखिराख्दा गल्ने, सड्ने, बिग्रने तथा कुहिने अवस्था सिर्जना हुनुभन्दा तिनै नोटको सटही व्यवस्था गर्नु उपयुक्त हुने राज्यको अझ बनौँ राष्ट्र बैंकको गजबको तर्क छ । नोट कुहिने डरले जनतालाई दिनु पर्ने बहाना छ ।

नेपालीले चाडपर्वमा आफ्नो पर्वमा पनि नयाँ नोट पाउन राष्ट्र बैंकको निगाह पाउनु पर्ने अवस्था छ । यस्तो अवस्था अरु देशमा छैन पक्कै । राज्यले जे भन्यो, त्यही पत्याउनु पर्ने अवस्थामा सुधार आउनु पर्नेमा राज्य अरु कठोर भएर यस्ता विषयमा पनि सूचना निकालेर जनतालाई बाध्यकारी बनाइरहनु विडम्बना हो ।

# मौलाउँदै नेपालमा खेलकुद पत्रकारिता



राजु सिलवाल

एसियाका खेलकुद पत्रकारहरुको सङ्गठन एसियाली खेलकुद पत्रकार महासङ्घ (एआइपिएस एसिया) को २५ औँ कङ्ग्रेसमा सहभागी हुन नेपाल आएका विभिन्न २८ देशका खेल पत्रकारहरुले खेलकुद पत्रकारिताको स्थितिको छलफल गर्नाका साथै नेपालको खेलकुद पत्रकारिताको समग्र अवस्थाका बारेमा विचारविमर्श गर्दैछन्।

नेपालमा पहिलोपटक यो कङ्ग्रेस आयोजना भएको हो। यस कङ्ग्रेसका अवसरमा नेपालमा खेलकुद पर्यटन, इस्पोर्टस, महिला खेलकुद आदि विषयमा पनि छलफल हुने कार्यक्रम छ। विभिन्न मुलुकका खेल पत्रकारहरुको भेलाले पारित गर्ने निर्णयबाट नेपालको खेल क्षेत्र पनि लाभान्वित हुने अपेक्षा गरिएको छ।

नेपालमा खेलकुद पत्रकारिता बिस्तारै स्थापित हुँदैछ। विगतमा कम प्राथमिकतामा पर्ने गरेको खेलकुदसम्बन्धी समाचारले हिजोआज सञ्चारमाध्यमहरुमा यथोचित स्थान पाउँदै आएका छन् । सञ्चारमाध्यमहरुले खेलकुदसंँग सम्बन्धित प्रमुख घटनाहरु समाचारमा दिन छुटाउँदैनन्। विगतको भन्दा खेलकुद पत्रकारिता परम्परागत माध्यम तथा नयाँ माध्यममा विभाजित भएको छ । मल्टी मिडियामा अभ्यस्त युवाहरु खेल पत्रकारितामा कार्यरत भइरहेका छन्।

यसैगरी, टेलिभिजन तथा सामाजिक माध्यम ‘फेसबुक’ तथा ‘युट्युब’मा खेलकुदको प्रत्यक्ष प्रसारणको क्रम पनि बढिरहेको छ। विभिन्न मुलुकमा भएका खेलकुद प्रतियोगिताहरुको प्रत्यक्ष प्रसारण आ–आफ्नो रुचिअनुसार हेर्न सकिने भएको छ। श्रव्य माध्यम रेडियोमा पनि पहिले कसले गोल ग¥यो जस्ता समाचार ‘ब्रेक’ गर्ने होड चलेको छ । मोबाइल फोन बोकेर खेलमैदान नजिक ‘प्यारापिट’मा बसिरहेका खेल समाचारदाताले खेलको महत्वपूर्ण क्षणको ‘लाइभ रिपोर्टिङ’ गर्नसक्ने अवस्था सिर्जना भएको छ। ‘इन्टरनेट’को माध्यमबाट विश्वका विभिन्न स्थानमा सञ्चालन भइरहेका महत्वपूर्ण खेलकुद प्रतियोगिताको अद्यावधिक गर्न सकिने भएको छ । प्रविधिको विकासले खेलकुदको पहुँच दिनदिनै बढिरहेको छ।

नेपालका प्रायः सबैजसो दैनिक अखबारले खेलकुदसम्बन्धी सामग्री प्रकाशित गर्नका लागि दिनहुँ निश्चित पेज छुट्याउने गरेका छन्। यसैगरी, रेडियो तथा टेलिभिजनका समाचारमा पनि खेलकुद समाचारका लागि ‘प्राइम बुलेटिन’लगायत अन्य बुलेटिनहरुमा समय निर्धारण गर्ने गरिएको छ । अनलाइन समाचार पोर्टलहरुमा पनि खेलकुद समाचार ‘ब्रेकिङ न्युज’का रुपमा दिइने क्रम बढदै गएको छ। विगतमा सीमित टेलिभिजनले गर्ने गरेको खेलकुद प्रतियोगिताको लाइभ अहिले अनलाइन पोर्टलहरुले समेत व्यापक मात्रामा गर्ने गरेका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता भएको बेलामा युट्युबमा नेपाली भाषामै ‘कमेन्ट्री’ गरिएका विभिन्न ‘साइट’ पनि देख्न सकिन्छ। पहिले रेडियो तथा टेलिभिजनमा प्रत्यक्ष प्रसारणमा उद्घोषण गर्नेहरु सीमित व्यक्ति हुने गरेका थिए भने अब त्यस्ता खेल पत्रकारहरुको सङ्ख्या बढ्दो छ।

**खेल पत्रकारिताको भूमिका**

खेल पत्रकारले खेलकुद प्रतियोगिताका प्रतिस्पर्धात्मक अवस्थाको चित्रण गर्दै खेलाडीहरुको सफलता तथा असफलताबारे जानकारी गराउने गर्दछन्। यसैगरी, खेलकुदसँग सम्बन्धित निकायहरुका गतिविधि, ती निकायका कमीकमजोरीका साथै सुधारका मार्गतर्फ अग्रसर गराउने कार्यमा पनि खेलकुद पत्रकारिताले भूमिका निर्वाह गर्दछ।

नेपाली खेलकुदजगत्लाई गतिशील तथा चलायमान बनाउन खेल पत्रकारहरुको ठूलो भूमिका रहँदै आएको छ । खेल पत्रकारहरुको निरन्तर समाचार सम्प्रेषणबाटै प्रोत्साहित हुँदै खेलाडीहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफलता प्राप्त गर्दै आइरहेका छन् । यस अर्थमा खेल पत्रकारहरु अनगिन्ती अनुगमन समाचार बनाउने गर्दछन् । खेलकुदसम्बन्धी सम्बन्धित विविध विषयको भित्री तहसम्म गएर समाचार सङ्कलन गर्ने काममा पनि खेलकुद पत्रकारहरुले अग्रसरता देखाउँदै आएका छन्।

नेपाली खेलाडीहरुलाई ‘सेलेब्रेटी’ बनाउन खेल पत्रकारहरुले महत्वपूर्ण भूमिका खेलेका छन् । नेपाली खेलकुद क्षेत्रका सामान्य गतिविधिले पनि सञ्चारमाध्यममा स्थान पाउँदै आइरहेका छन् । २०७२ सालको भूकम्प, कोभिड–१९ को सङ्क्रमणजस्ता गम्भीर परिस्थितिमा सम्पूर्ण जनजीवनसहित खेलकुदजगत् कुनै गतविधि नभई ठप्प भएको अवस्थामा पनि खेलकुदसँग सम्बन्धित समाचार प्रकाशन तथा प्रसारण भएका थिए।

विगतमा खेलकुद समाचार प्रकाशित हुँदा फुटबल खेलमा कुन टोलीले कसलाई कति गोलले पराजित ग¥यो जस्ता समाचार छापिन्थ्यो। अब कस्ले ? कस्लाई ? कसरी पराजित ग¥यो ? जस्ता आशयका समाचार सार्वजनिक हुने गरेका छन्। आज खेल बुझ्नेहरु खेल पत्रकार बनेका छन्। पाठक तथा दर्शकहरुको पनि खेलकुद बुझ्ने क्षमता बढ्दै गएको देखिएको छ। खेलका हरेक नियमका ज्ञाता पत्रकारहरुले खेल हेर्दैकै भरमा खेलमा नतिजाबारे प्राविधिक विश्लेषण गर्न सक्ने अवस्थामा पुगिसकेका छन्।

नेपालमा खेलकुदसम्बन्धी समाचार सङ्कलन गर्ने पत्रकारहरुको सङ्ख्यामा वृद्धि भइरहेको छ। हिजोका दिनमा एउटै समाचारदाता समाचार सङ्कलन गर्न विभिन्न स्थानमा पनि जानुपर्ने अवस्था भएकाले खेलकुद गतिविधिले खासै प्राथमिकता पाउँदैनथे । आज खेलकुद विधाकै पत्रकारलाई खेलसम्बन्धी समाचार सङ्कलनका लागि खटाउन थालिएको छ। अझ फुटबल, क्रिकेट, बास्केटबल, मार्सलआर्टस जस्ता खेल विशेषमा केन्द्रित खेल पत्रकारहरु पनि क्रियाशील हुन थालेका छन्।

आज नेपालमा सञ्चालन भइरहेका धेरैजसो टेलिभिजन तथा रेडियोहरुले आफ्ना समाचार बुलेटिनमा नेपाली खेलकुद गतिविधिलाई समेट्दै आइरहेका छन् । विभिन्न खेलकुद कार्यक्रममार्फत खेलाडीहरुको सफलता, प्रतियोगिता, उनीहरुका समस्याजस्ता विषयवस्तु समावेश गर्ने गरिएको छ। पछिल्लो समयमा सबैजसो प्रमुख सञ्चारमाध्यम अनलाइनसँग जोडिएका छन् । हाल नेपालमा सञ्चालनमा आएका प्रायः अनलाइन पोर्टलहरुमा खेलकुदसम्बन्धी समाचारहरु दिने गरिएको छ।

नेपालमा खेलकुद विधालाई मात्र केन्द्रित गरिएका केही अनलाइन पोर्टलहरुसमेत सञ्चालन भइरहेका छन् । यस्ता पोर्टलहरुमा विभिन्न खेलका विस्तृत जानकारी दिइने गरिएको छ । ती पोर्टलले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको प्रत्यक्ष प्रसारणसमेत गर्ने गरेका छन् । खेलकुदमै केन्द्रित गरिएका यस्ता करिब एक दर्जन समाचार पोर्टलमध्ये कुनैले राम्रो गरिरहेका छन्। अहिले क्रिकेट र फुटबल खेलजस्ता खेल मात्र बेग्लाबेग्लै समाचार पोर्टल पनि नेपालमा सञ्चालन भइरहेका छन्।

**खेलकुद पत्रकारिताप्रति आकर्षण**

नेपालमा खेलकुद पत्रकारितामा विशेषगरी युवा पत्रकारहरुको आकर्षण रहेको पाइन्छ । कतिपय अवस्थामा नाम चलेका टेलिभिजनका लागि कार्यक्रम बनाउने तथा टेलिभिजनको लाइभ कमेन्ट्री गर्ने खेल पत्रकार पनि सेलिब्रेटी जस्तै हुन्छन् । पहिले खेलाडीको रुपमा अनुभव हासिल गरिसकेकाहरु पछि खेल पत्रकार भएको पनि देखिएको छ । लामो समय महावीर क्लबका तर्फबाट फुटबल खेलेका श्याम चित्रकार अहिले ८२ वर्षको उमेरमा पनि क्यामरा बोकेर खेल स्थलमा फोटो तथा भिडियो खिच्दै हिँडेको देख्न सकिन्छ।

खेलकुद विधामा राजनीतिक तथा अपराधजस्ता विधाको तुलनामा जोखिम कम हुने गरेको छ । तापनि बेलाबखत पत्रकारहरु खेलमैदानमै आक्रमणमा परेका छन् । समाचार कभरेज नगरेको, आफू अनुकूल समाचार नबनाएको जस्ता कारण देखाएर पत्रकारलाई तारो बनाएका घटना पनि देखिएको छ । बेलाबखत खेलाडी तथा खेल पदाधिकारीले खेल पत्रकारलाई धम्की दिएको घटना पनि भएका छन् । एउटै विषयमा केन्द्रित रहेर समाचार सङ्कलन गर्ने पत्रकारमा सम्बन्धित विषयमा विशेषज्ञता बढ्दै गएको देखिएको छ । नेपालमा खेलकुद पत्रकारिता बिस्तारै स्थापित हुने बाटोमा अग्रसर भइरहेको छ। अहिले खेलकुद विधा लिएर पत्रकारिता गर्ने पत्रकारको सङ्ख्या बढदै गइरहेको पाइएको छ।

**खेल पत्रकार सङ्गठित**

नेपालमा खेलकुद विधामा काम गर्ने पत्रकारहरुको सङ्ख्या सीमित भए तापनि सङ्गठित भएका छन्। २०५२ सालमा स्थापना भएको नेपाल खेलकुद पत्रकार मञ्च निरन्तर सञ्चालन भइरहेको छ । अहिले नेपालमा भएको खेल पत्रकारहरुको यो सबैभन्दा ठूलो संगठन हो। खेलकुद क्षेत्रमा बेलाबखत हुने गरेका विभिन्न विवादमा यो मञ्चले मध्यस्थता गरेर आफ्नो पहिचानलाई स्थापित गरेको छ। मञ्चले अग्रज खेलकुद पत्रकारलाई सम्मान गर्ने तथा नयाँ प्रतिभाशाली पत्रकारलाई प्रोत्साहित गर्ने काम पनि गर्ने गरेको छ।

यसैगरी मञ्चले एकेडेमी खोलेर खेल पत्रकारहरुलाई प्रशिक्षण दिने गरेको छ। मञ्चले काठमाडौं उपत्यकाका साथै विभिन्न जिल्लामा कार्यरत पत्रकारहरुलाई पेशागत तालिम सञ्चालन गर्दै आएको छ। नेपाल खेलकुद पत्रकार मञ्च अन्तर्राष्ट्रिय खेलकुद पत्रकार महासङ्घ (एआइपिएस) र एशियाली खेलकुद पत्रकार महासङ्घ (एआइपिएस एशिया) मा आबद्ध रहेको छ। नेपाल खेलकुद पत्रकार मञ्चलाई सन् २०२२ मा एशियाकै उत्कृष्ठ खेलकुद पत्रकार सङ्घको पुरस्कार प्रदान गरिएको थियो। देशमा व्यावसायिक खेलकुद पत्रकारिता र खेलकुदको विकास र प्रवद्र्धनमा उत्कृष्ट काम गरेको कदर गर्दै सो सम्मान गरिएको थियो।

**पत्रकार र खेलाडीको सम्मान**

नेपाल खेलकुद पत्रकार मञ्चले वर्षेनी प्रदान गर्ने गरेको विभिन्न विधाको खेल पुरस्कार अहिले नेपालकै सबैभन्दा ठूलो खेल पुरस्कारका रुपमा स्थापित हुन पुगेको छ। यस पुरस्कारअन्तर्गत वर्षको उत्कृष्ठ खेलाडी तथा प्रशिक्षकलाई पुरस्कृत गर्ने गरिएको छ। यसैगरी वर्षमा उत्कृष्ठ नतिजा ल्याउने खेलकुद संघलाई पनि पुरस्कृत गर्ने गरिएको छ । अझ महत्वपूर्ण पुरस्कारका रुपमा लाइफटाइम एचिभमेण्ट पुरस्कार स्थापित हुन पुगेको छ। मन्चले एशियाकै उत्कृष्ठ खेल पत्रकारलाई पनि पुरस्कृत गर्ने गरेको छ।

एआइपीएसले नेपाली खेल पत्रकार प्रज्ज्वल ओलीलाई सन् २०२० मा एआइपिएस स्पोर्ट्स मिडिया अवार्ड प्रदान गरेको थियो। विश्वभरका १२५ देशका खेल पत्रकारलाई उछिन्दै उनले ‘उत्कृष्ट स्तम्भ लेखन’ अवार्ड प्राप्त गरेका थिए। पुरस्कार आठ हजार अमेरिकी डलरको थियो।

**खेल पत्रकारिताका चुनौती**

नेपाली खेलकुद पत्रकारितामा लागेकाहरुले भोग्नु परेको मुख्य चुनौती भनेको काम गरेको सञ्चार माध्यमको स्थायित्व हो । सञ्चार माध्यम बन्द हुने, कर्मचारी कटौती गरिने, न्यून ज्यालामा काम गर्नु पर्ने बाध्यता रहेको जस्ता कारणले खेल पत्रकारलाई बिभिन्न मिडियाहरु चहार्दै हिंड्नु चुनौती मानिएको छ । यस्तै खेल पत्रकारलाई धेरै खेलको ज्ञान हुनु पर्ने आवश्यकता रहेको छ। सञ्चार माध्यमले विभिन्न खेलैपिच्छे बेग्लाबेग्लै समाचारदाता राख्न नसक्ने भएकोले एकै पत्रकार विभिन्न खेलमा जानकार हुनु चुनौतीपूर्ण मानिन्छ।

यस्तै, खेल पत्रकारले दिनहुँ भोग्नु परेको अर्को चुनौती भनेको समय सीमा हो । समयमै खेलमैदानमा पुग्नुपर्ने र सञ्चारमाध्यममा निश्चित अवधिभित्र समाचार बुझाउनुपर्ने बाध्यताले खेल पत्रकारलाई सधैँ पछ्याइरहेको हुन्छ। विभिन्न कीर्तिमानहरुको तथ्य सत्य जाँच गर्नुपर्ने बाध्यता पनि उसलाई हुन्छ। नेपालमा खेलाडीहरुको कीर्तिमान नेपाली खेलकुदको आधिकारिक निकाय राष्ट्रिय खेलकुद परिषद्मा समेत व्यवस्थित नरहेको अवस्थामा आधिकारिक रेकर्डहरु खोज्न समस्या हुने गर्दछ। अर्को चुनौती भनेको पूर्वाग्रहरहित हुनु हो। खेल पत्रकारका हरेक समाचार निष्पक्ष र तटस्थ हुनु जरुरी रहेको छ।

नेपालमा हालसम्म प्रकाशित खेलकुदसम्बन्धी पत्रपत्रिकाहरु नियमित हुन सकेका छैनन्। कैयौँ पत्रिका प्रकाशित भएर पनि बन्द भएका छन् । विगत केही दशकदेखिको यो समस्या अहिलेसम्म पनि विद्यमान रहेको नै पाइन्छ । सीमित बजार, विज्ञापनमा कमी जस्ता कारणले खेलकुद पत्रिकाहरुको स्थायित्व हुन सकेको छैन।

नेपालमा सयौँ टेलिभिजनहरु स्थापना भइसकेको भए पनि हालसम्म एउटा पनि खेलकुद च्यानल खुल्न सकेको छैन । यसैकारण नेपाली दर्शकहरुले कुनै महत्वपूर्ण खेलकुद प्रतियोगिता हेर्नका लागि भारतीय वा अन्य विदेशी च्यानलको सहारा लिइरहनु परेको अवस्था छ । नेपाल टेलिभिजनले हालसम्म पाँचवटा च्यानल खोलिसक्दा पनि एउटा खेलकुद च्यानल खोल्नका लागि कुनै पहल गरेको छैन । आर्थिक विकास तथा प्रशासन केन्द्र सेडाले सन् २००३ मा गरेको सर्वेक्षणमै नेपाल टेलिभिजनलाई खेलकुद च्यानल खोल्नका लागि सुझाव दिएको थियो। नेपालमा कुनै कुनै महत्वपूर्ण खेल प्रतियोगिता हुँदा नेपाली टेलिभिजनहरुबीच त्यसको प्रसारण अधिकार लिन होडबाजी नै चल्ने गरेको छ। तर नियमित रुपमा खेलकुद च्यानल खोल्न भने कुनै टेलिभिजनले पनि प्राथमिकता दिएका छैनन्।

**निष्कर्ष**

नेपाली खेलकुदजगत्ले सञ्चारमाध्यममा आवश्यक मात्रामा महत्व पाउन सकेको छैन। खेलकुदसम्बन्धी समाचारलाई हाल उपलब्ध भइरहेको स्थान तथा समय पर्याप्त छैन। खेलकुदका सबै विधा तथा विविध खेलकुद प्रतियोगिताहरुलाई सञ्चारमाध्यमहरुले समेट्न सकेका छैनन् । रेडियो तथा टेलिभिजनबाट खेलकुदसम्बन्धी समाचार, कार्यक्रम प्रस्तोताप्रति दर्शकहरुले अझै बढी अपेक्षा गरेका छन्। अन्य विदेशी च्यानल सरह नेपालका टेलिभिजनहरु प्रविधिका दृष्टिले समृद्ध हुन सकेका छैनन्। हालसम्म नेपालमा खेलकुद मात्र देखाइने टेलिभिजन च्यानल खुल्न सकेको छैन।

मुलुकको ठूलो जनसङ्ख्याका रुपमा रहेका युवा जमातलाई अनुशासित बनाएर जिम्मेवार आमसञ्चारमाध्यमहरुले आफ्नो माध्यमलाई अझ लोकप्रिय बनाई पाठक, स्रोता र दर्शकहरुको सङ्ख्या बढाउन खेलकुद महत्वपूर्ण माध्यम बन्न सक्दछ । यसका लागि सरकार तथा सञ्चारमाध्यमले खेलकुद पत्रकारितालाई उचित प्राथमिकता, यथोचित लगानी तथा पत्रकारहरुको पेसागत दक्षता एंव वृत्तिविकासतर्फ ध्यान दिनु जरुरी देखिएको छ।

(लेखक खेलकुद पत्रकारिताका जानकार हुनुहुन्छ) रासस

# सधैँ सास्ती कर्णाली राजमार्गको यात्रामा

मिमबहादुर रावल

कर्णाली राजमार्गको स्तरोन्नति नहुँदा हिउँदमा धुलो र वर्षायाम बाढीपहिरोका कारण यात्रुले सास्ती भोग्नुपर्ने अवस्था रहेको छ। राजमार्गको स्तरोन्नति नहुँदा बाँके नेपालगञ्जको रुपैडियादेखि मुगु सदरमुकाम गमगढीसम्मको साढे तीन सय दूरी सडकखण्ड पार गर्नका लागि यात्रुहरुले बाह्रैमास निकै सास्ती खेप्नुपर्ने हुन्छ।

अठार वर्षअघि खुलेको कर्णाली राजमार्ग आजसम्म पनि उस्तै अवस्थामा रहेको छ। कर्णाली राजमार्गको सुर्खेतदेखि जुम्लासम्मको सडकखण्ड एसियाली विकास बैङ्कको सहयोगमा आठ वर्षअघि कालोपत्र भएको भए पनि धेरै ठाउँमा बाढीपहिरोका कारणले उप्किसकेको छ । कर्णाली राजमार्गले सुर्खेत, दैलेख, कालीकोट, जुम्ला र मुगुका नागरिकको ‘लाइफलाइन’ पनि हो। यस सडकको निर्माणले गति नलिँदा माथिल्लो कर्णालीका यात्रा गर्ने नागरिकले सास्ती भोग्ने गरेका छन्।

त्यस्तै, कर्णाली राजमार्गअन्तर्गत नेपाल प्रमुख पर्यटकीय गतव्य मुगुको राराताल जाने सडकको अवस्था पनि उस्तै रहेको जुम्ला तातोपानी गाउँपालिका–४ का राजबहादुर शाहीले बताए । ‘अहिले बर्खाको समय भएकाले कर्णाली राजमार्गको नाग्म–गमगढी सडकको अवस्था जीर्ण छ। त्यसमाथि ठाउँठाउँमा पहिरोले गन्तव्यमा पुग्ने समय निश्चित हुँदैन,’ उनले भने,‘नाग्म–गमगढी सडकको कोइरेली,बड्की, बिष्टबाडा, रोकायबाडा, गोठीज्युलालगायत ठाउँमा सडक निकै अप्ठयारो छ।’

कर्णाली राजमार्गको दुई सय ३२ किलोमिटर सडकमध्ये सडक डिभिजन कार्यालय जुम्लाले एक सय किलोमिटर र सडक डिभिजन कार्यालय सुर्खेतले एक सय ३२ किलोमिटर सडक हेर्ने जिम्मा लिएका छन्। सडक डिभिजन कार्यालय सुर्खेतले सुर्खेतदेखि कालीकोटसम्म र सडक डिभिजन कार्यालय जुम्लाले कालीकोटदेखि जुम्लासम्म सडक हेर्दै आएका छन् । कर्णाली राजमार्गको कालीकोटको सुनारखोला, पिली, मोल्फा, खल्लागाडलगायत ठाउँमा दिनहुँ आउने पहिरोले यात्रुहरु समस्यामा पर्ने गरेको सडक डिभिजन कार्यालय जुम्लाका सूचना अधिकारी एवम् इञ्जिनियर वीरबहादुर जिटीले बताए। ‘त्यो क्षेत्रलाई हेरेर हेभी इक्विप्मेन्टहरु राखेका छौँ,’उनले भने, ‘ती ठाउँमा कतिबेला पहिरो जान्छ भन्ने कुरा पत्तो नै हुँदैन।’

ठेक्का लगाउने निकायको राम्रो निगरानी नहुने र निर्माण व्यवसायीको कमाउने मनसाय भएकाले सडकमा समस्या हुँदै आएको कालीकोटका प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले बताए । ‘अबदेखि कार्यालयले निर्माण व्यवसायीलाई सडक मर्मत गर्दा निस्केको माटोको व्यवस्थापन आफैँले गर्नु पर्नेछ भनेर सम्झौतामा लेख्नु पर्नेछ,’ उनले भने,‘निगरानी पनि त्यही अनुसार गरे मात्र यस्ता समस्याको समाधान हुनेछन्।’

सबैभन्दा बढी समस्या कालीकोटमा भएको सडक डिभिजन कार्यालय जुम्लाका निमित्त प्रमुख चेतनकुमार मण्डलले बताए । उनले सम्झौतामा त्यसरी नलेखिएको जानकारी दिए । तर निर्माण व्यवसायी आफैँले पनि थाहा पाउनुपर्ने विषय भएकाले सडकमा माटोको ढिस्को पारेर छाड्नु उनीहरुकै लापर्बाही भएको बताए।

कर्णाली राजमार्गमा बर्सेनि सडक मर्मतका नाममा करोडौँ रुपैयाँ खर्च हुने गरेको भए पनि सडकको अवस्था उस्तै रहने गरेको छ । बर्सेनि कर्णाली राजमार्ग मर्मत तथा सम्भारका नाममा बजेट आउने भए पनि भत्केको ठाउँमा सामान्य मर्मत गरेर बजेट मात्र सक्ने परिपाटी छ । अगाडिबाट सडकमा ओटासिल हाल्दै जाने र पछिबाट उप्किँदै जाने भएकाले सडक सुधारका नाममा बजेट मात्र खर्च हुने गरेको छ । आर्थिक वर्ष २०७७÷७८ मा कर्णाली राजमार्गको मर्मतका लागि झन्डै १६ करोड बजेट खर्च भएको थियो भने आव २०७८÷८९ मा २६ करोड बजेट खर्च आव २०७९÷८० सोही हाराहारीमा बजेट खर्च भएको थियो।

विभिन्न खण्डमा भाग गरेर मर्मतका लागि भनेर ठेक्कामार्फत काम सुरु गरिएको थियो । निर्माण व्यवसायीले ठेक्का पनि हाले तर सडक बनाउने नाममा खाल्डाखुल्डी मात्र पुरे, कतै ओटासिल गरिएको थियो। तर सडकको अवस्था उस्तै रहेको खाडाँचक्र नगरपालिका–६ दाहाँका स्थानीय नरबहादुर शाहीले बताए।

अगाडिबाट ओटासिल हाले पनि पछाडिबाट उप्किँदै जाने गरेको तिलागुफा नगरपालिका–४, राँचुलीमन पूर्ववडाध्यक्ष खड्कराज शाहीले बताए। ‘मेरो वडाको राँचुलीमा सडकमा कालोपत्र गरेको १५ दिनमा सडक पुरानै अवस्थामा परिणत भएको छ,’ उनले भने, ‘केही दिनसम्म कालो राम्रो देखिएको सडक दुई हप्तापछि हेर्दा पहिलेको जस्तै जीर्ण बनेको छ ।’ सडक कालोपत्र गर्दा सडकमा रहेको माटो राम्रोसँग सफा गर्ने त्यसपछि पानीले माटो सबै बगाएर खाली कङ्क्रिटमाथि कालोपत्र गर्दा मात्र त्यो सडक बलियो हुने आफूले सुनेको पूर्ववडाध्यक्ष शाहीले बताए।

कर्णाली राजमार्गअन्तर्गत सुर्खेत–जुम्ला सडकका अधिकांश स्थानमा फलामे सेफ्टी बार भाँचिएका छन्। भिरको सडक किनारमा लगाइएका सेफ्टी बार केही ठाउँमा पहिरो र केही ठाउँमा खियाका कारण जीर्ण बनेका छन्। साँघुरो र अप्ठेरो सडकमा सेफ्टी बारले पनि सुरक्षित महसुस गर्न सकिन्थ्यो तर त्यही पनि जीर्ण भएका कारणले डर लाग्ने गरेको कर्णाली राजमार्गमा सवारी चलाउँदै आएका चालक राजन कार्कीले बताए । ‘कर्णाली राजमार्गमा लगाइएका सेफ्टी बार पहिरोले भाँचिएका छन्। खिया लागेर जीर्ण बनेका छन्,’ उनले भने, ‘यो राजमार्गमा सवारी चलाउनका लागि पनि समस्या हुने गरेको छ।’

मुख्य राजमार्ग भएर खनिएका सहायक सडक पनि कर्णाली राजमार्गमा आउने बाढीपहिरोका समस्या भएको सडक डिभिजन कार्यालय जुम्लाले जनाएको छ । शुभकालिका गाउँपालिकाको केन्द्रसम्म जान निर्माण गरिएका ग्रामीण सडकबाट दैखोला, गगनेखोलामा सधैँ पहिला ढुङ्गासहित आएको पहिरोले आउने गरेको डिभिजन सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख चेतन मण्डलले बताए। ‘भखरै कालीकोटको शुभकालिका गाउँपालिका जाने बाटोको माटो र ढुङ्गा एकै साथ आएपछि गगने खोलामा लगाएको पर्खाल र सडक पूरै बगाएपछि सडक अवरुद्ध भएको थियो,’ उनले भने, ‘सहायक सडकका कारणले सधैँ समस्या हुने गरेको छ।’

कर्णाली राजमार्गमा भएका सानादेखि ठूला दुर्घटनाका घटना थुप्रै छन्। २०६३ चैतमा भएको बस दुर्घटनामा ४२ जनाले ज्यान गुमाएका थिए। कालीकोटको हुम्लादेखि सुर्खेतका लागि प्रस्थान गरेको बस दैलेखको आठबिस नगरपालिका–५ को किटुमा दुर्घटना भएको थियो । यो दुर्घटनालाई कर्णाली राजमार्ग सञ्चालनमा आएयताको सबैभन्दा ठूलो र भयानक दुर्घटना मानिन्छ।

कर्णाली राजमार्गमा दुर्घटनाको क्रम यतिमै सीमित रहेन । यात्रुवाहक सवारीसाधन दुर्घटना हुने क्रम बढिरहेको छ। २०६८ मा कालीकोटको सेराबाडामा भएको दुर्घटनामा २८ जना यात्रुले ज्यान गुमाए । २०७१ मा जुम्लाको रारालिहीमा बस दुर्घटना हुँदा १८ जनाको ज्यान गयो । त्यसबीचमा भएका दुर्घटनामा जुम्लाको गाडगडेनीमा १३, दैलेखको खिड्कीमा १४ र सुर्खेतको कल्याणकाधमा १५ को मृत्यु भएको थियो । नेपालगञ्जबाट सुर्खेत हुँदै मुगुको सदरमुकाम गमगढी जाँदै गरेको भे १ख ३१६७ नंको बस मुगुको छायानाथ रारा नगरपालिका–७, पिनाटप्ने खोलामा दुर्घटना हुँदा ३३ जनाको मृत्यु भएको थियो।

कर्णाली प्रदेशमा एक वर्षमा सवारी दुर्घटनामा परी एक सय १२ जनाको मृत्यु भएको छ। गत आर्थिक वर्षमा कर्णाली प्रदेशभर एक हजार चार सय ४५ सवारी दुर्घटनामा परी एक सय १२ जनाको मृत्यु भएको हो । कर्णाली प्रदेश प्रहरी कार्यालयका अनुसार सुर्खेतमा नौ सय ५९ वटा सवारी दुर्घटना हुँदा २८ जनाको मृत्यु भएको छ। सल्ल्यानमा एक सय ३० सवारी दुर्घटना हुँदा १९ जनाको मृत्यु हुँदा रुकुमपश्चिममा ९३ वटा सवारी दुर्घटनामा २३ जनाको मृत्यु भएको हो।

यसैगरी, गत वर्ष कालीकोटमा ४८ वटा सवारी दुर्घटनामा परी सातजनाको मृत्यु भयोभने जाजरकोटमा ६८ वटा दुर्घटना पाँच, दैलेखमा ७० वटा दुर्घटना हुँदा १०, जुम्लामा भएका ४१ दुर्घटनामा सातजनाको मृत्यु भएको हो । समीक्षा अवधिमा मुगुमा १२ र डोल्पामा १३ वटा सवारी दुर्घटनाका घटना भएका थिए। रासस

# कर प्रणाली सुधारका लागि आन्तरिक राजस्व परिचालन रणनीति जारी

**काठमाडौँ ।**
सरकारले आन्तरिक राजस्व परिचालन रणनीति, २०८१ जारी गरेको छ । आर्थिक वर्ष २०८१÷८२ देखि आर्थिक वर्ष २०८५÷८६ सम्मका लागि मध्यमकालीन राजस्व परिचालन रणनीति जारी भएको हो ।
राजस्व परिचालन रणनीति मुलुकको कर प्रणाली र प्रशासन सुधारका लागि १६औँ आवधिक योजनासँग समन्वय हुनेगरी तयार पारिएको अर्थ मन्त्रालयले जनाएको छ । यो रणनीतिले अर्थ–सामाजिक विकासका लागि आवश्यक राजस्व परिचालन र निजी क्षेत्र तथा करदाताको आकाङ्क्षाबीच सन्तुलन कायम गर्ने विश्वास सरकारको छ ।
आन्तरिक राजस्व परिचालन रणनीतिले देशको कर नीति र प्रशासनमा सुधारका लागि स्पष्ट संरचनागत रुपरेखा प्रस्तुत गरेको अर्थ मन्त्रालयले जनाएको छ । यो रणनीतिको मुख्य उद्देश्य आर्थिक दक्षता र समानतालाई प्रवर्द्धन गर्दै निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्नुका साथै कर र गैरकर राजस्वको स्थिर प्रवाह सुनिश्चित रहेको रणनीतिमा उल्लेख छ ।




सरकारको कोषमा स्थायित्व कायम राख्दै बजेट घाटालाई व्यवस्थापन गर्न पनि योगदान पुर्याउने अपेक्षा रणनीतिमार्फत गरिएको छ ।
सरकारी कोषलाई सुदृढ बनाउन आन्तरिक स्रोतबाट राजस्व परिचालन वृद्धि गर्नु, कर कानुन र सञ्चालन प्रणालीहरूसँग करदाताहरुको स्वेच्छिक परिपालना, कर र भन्सार प्रशासनको जोखिम व्यवस्थापन क्षमता सुदृढ गर्ने, कर र भन्सार प्रशासनमा स्वचालित बनाउनुलगायत रणनीतिका उद्देश्य छन् । कर नीति निर्माण र कार्यान्वयनका लागि अन्तर–सरकारी र अन्तर–सङ्गठनात्मक समन्वय तथा सहकार्य बढाउनका रणनीति जारी भएको हो । सरकारले सबै आम्दानीका स्रोतलाई समावेश गर्दै प्रगतिशील करका दरसहितको कर प्रणालीलाई सुरु गर्ने उद्देश्य रणनीतिमा छ । कर राजस्व र कुल गार्हस्थ्य उत्पादन (जिडिपी) अनुपातलाई सोह्रौँ पञ्चवर्षीय योजनाले निर्धारण गरेका राजस्व लक्ष्यसँग समन्वय गर्दै लगिने रणनीतिमा उल्लेख छ । आर्थिक वर्ष २०७९÷८० (२०२२÷२३) मा १८ दशमलव नौ प्रतिशत रहेको राजस्व–जिडिपी अनुपातलाई आव २०८५÷८६ (२०२८÷२९)को अन्त्यसम्म २३ दशमलव पाँच प्रतिशत पुर्याउने महत्वाकाङ्क्षी लक्ष्य रणनीतिमा समावेश छ । यो अवधिमा कर राजस्व र जिडिपी अनुपात १६ दशमलव दुई प्रतिशतबाट बढेर २० दशमलव नौ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । रणनीतिमा समाविष्ट कार्ययोजना तथा राजस्व सुधारका उपायको कार्यान्वयनबाट कर राजस्व–जिडिपी अनुपातमा थप दुई दशमलव चार प्रतिशतको वृद्धि हुने अपेक्षा गरिएको छ ।
यसैगरी, कर र भन्सार प्रशासनमा सुधारबाट थप शून्य दशमलव एक प्रतिशत कर राजस्व सङ्कलन हुने अपेक्षा गरिएको छ । आव २०७९÷८० (२०२२÷२३) मा सात दशमलव दुई प्रतिशत रहेको बजेट घाटा–जिडिपी अनुपातलाई घटाएर रणनीति कार्यान्वयनको अन्तिम वर्ष छ दशमलव पाँच प्रतिशतमा झर्ने अपेक्षा गरिएको छ ।
मुलुकको समग्र कर नीति, प्रशासन, शासन संरचना, संस्थागत संरचना, नीति कार्यान्वयन संयन्त्र, अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुधार र पुनःसंरचनाका लागि व्यवस्थित खाकाका रुपमा रणनीति जारी भएको हो । रासस

# टी–ट्वान्टी विश्वकप एसिया छनोटका लागि खेलाडी छनोट

**काठमाडौँ ।**
आइसीसी यू–१९ महिला टी–ट्वान्टी विश्वकप एसिया छनोटका लागि पहिलो चरणमा २९ खेलाडी छनोट भएका छन् । नेपाल क्रिकेट सङ्घ (क्यान) ले बुधबार सार्वजनिक गरेको प्रेस विज्ञप्तिअनुसार पूजा महतो, सोनी पाख्रिन, ऐली यादव, किरणकुमारी कुँवर, लिशना विक, मनिषा उपाध्याय, रिया शर्मा, करिश्मा गुरुङ, पूजा साउद, विपसा शाही, साना प्रविण, प्रतिमा शाह, स्नेहा महरा र साविला धामी छनोटमा परेका छन् ।
त्यस्तै अनु कडायत, मनिषा बोहोरा, करिश्मा थापा, रविना साउद, सुस्मिता भुसाल, अलिशाकुमारी यादव, भवानी कमाती, आरती महतो, पुजा महतो, कुशम गोदार, सीमाना केसी, ज्योत्सनिका मरासिनी, निरु जीटी, सेरिना थापा, रचना चौधरी र आस्मा पुलामी मगर पहिलो चरणमा छनोटमा भएका छन् । टि–ट्वान्टी विश्वकप एसिया छनोट आगामी नोभेम्बरमा युएईमा हुने क्यानले जनाएको छ । रासस

# दोस्रो उपत्यकास्तरीय योग खेलकुद प्रतियोगिता हुँदै




**काठमाडौँ ।**
नेपाल योग खेलकुद सङ्घ, बागमती प्रदेशको आयोजनामा यही भदौ २१ गतेदेखि 'दोस्रो उपत्यकास्तरीय योग खेलकुद प्रतियोगिता' हुने भएको छ ।
बुधबार काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा सङ्घका अध्यक्ष केदारनाथ बस्ताकोटीले तारेश्वर नगरपालिकाको सहकार्यमा योगलाई खेलकुदसँग जोड्नका लागि प्रतियोगिता आयोजना गर्न लागिएको बताए । प्रतियोगिता तारकेश्वरमा हुने छ । उनका अनुसार योग प्रशिक्षण गराइरहेका विभिन्न विद्यालय तथा योग खेलाडी गरी दुई सय ३२ र एक सय ३० सामूहिक गरी तीन सय ६२ जना सहभागी हुनेछन् ।
प्रतियोगितामा एकल प्रतिस्पर्धा र सङ्गीतमय (रिदमिक) सामूहिक योगासन प्रतिस्पर्धा पनि हुनेछ । प्रतियोगितामा नौ वर्ष उमेर मुनिदेखि ५० वर्ष उमेर माथिका खेलाडीले समेत सहभागिता जनाउने छन् । आसनलाई खेलको रुपमा विकास गर्नका लागि प्रतियोगिता गरिएको अध्यक्ष बस्ताकोटीले बताए । उनका अनुसार नेपालमा योग खेलकुदलाई प्रबद्र्घन गर्न नेपालमै विभिन्न स्तरका तीन वटा दक्षिण एसियाली योग खेलकुद प्रतियोगिता, पाँच वटा राष्ट्रिय प्रतियोगिता, एउटा प्रदेशस्तरीय र एउटा उपत्यकास्तरीय प्रतियोगिता भइसकेको छ । नेपालमै अन्तर्राष्ट्रियस्तरको प्रतियोगिताको तयारी गरिएको पनि अध्यक्ष बास्ताकोटीले जानकारी दिए ।
नेपालको मौलिक खेलको रुपमा रहेको योगासन खेलले मानिसलाई योगमा जोड्ने विश्वास गरिएको छ । रासस

# राष्ट्रपति पदका लागि ह्यारिसलाई टेलर स्विफ्टको समर्थन

**वासिङ्टन ।**
सङ्गीत उद्योगको सबैभन्दा ठूलो 'स्टार' मध्येका एक टेलर स्विफ्टले राष्ट्रपति पदको बहस समाप्त भएलगत्तै उक्त पदका लागि कमला ह्यारिसलाई समर्थन गरेका छन् ।
'मलाई लाग्छ कि उहाँ आत्मनियन्त्रण भएकी प्रतिभाशाली नेता हुनुहुन्छ र यदि हामी अराजकताको नभई शान्तिपूर्ण नेतृत्वमा भयौँ भने यस मुलुकमा धेरै नै हासिल गर्न सकिन्छ भन्ने मलाई विश्वास छ', उनले इन्स्टाग्राममा पोस्ट गरे ।
नोभेम्बरको निर्वाचनमा प्रमुख जनसाङ्ख्यिकीयका रुपमा स्विफ्टसँग युवा महिलाहरूमाझ समर्पित अनुयायी छन् । उनको पछिल्लो भ्रमणले टिकट बिक्रीमा एक अर्ब डलरभन्दा बढी कमाइ गरेको छ । आधा घन्टाको उहाँको पोस्टलाई २३ लाखभन्दा धेरै 'लाइक' प्राप्त भएको छ ।
उनले आफ्नो बिरालो बेन्जामिन बटनलाई समातेको एउटा तस्बिर समावेश गरे । यस्तै, उनले 'निःसन्तान बिरालो लेडी' भन्ने सन्देशमा हस्ताक्षर गरे । यो टिप्पणी डोनाल्ड ट्रम्पका





उपराष्ट्रपतिका उम्मेदवार जेडी भान्सले गरेको तीन वर्ष पुरानो टिप्पणीका सन्दर्भमा आएको हो । भान्सले बच्चा नभएका महिलाहरूसँग मुलुकको भविष्यमा समान दाबी नहुने बताएका थिए । ह्यारिसका एक वरिष्ठ अभियान अधिकारीले समर्थन अभियानसँग समन्वित नभएको बताए । ह्यारिसका उपराष्ट्रपति उम्मेदवार टिम वाल्ज एमएसएनबिसीमा प्रत्यक्ष अन्तरवार्ताको बीचमा समर्थनका बारेमा जान्नका लागि उपस्थित भएका थिए । राचेल म्याडोले पाठ पढ्दा वाल्जले मुस्कुराउँदै आफ्नो छाती थपथपाए । 'त्यो धाराप्रवाह र स्पष्ट थियो', वाल्जले भनेका छन्,'अमेरिकामा हामीलाई खडा हुन यस्तै प्रकारको साहसको आवश्यकता छ ।'
स्विफ्टले आफ्नो समर्थन आंशिक रूपमा ट्रम्पको आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता) ले उत्पन्न गर्ने चित्रहरू पोस्ट गर्ने निर्णयबाट प्रेरित भएको लेखेका छन् । यसबाट उनले ट्रम्पको समर्थन गरेका थिए भन्ने थाहा हुन्छ । एक जनाले स्विफ्टलाई अङ्कल सामका रूपमा कपडा लगाएको देखाएका छन र पोस्टमा भनेका छन्,'टेलर डोनाल्ड ट्रम्पलाई मतदान गरन् भन्ने चाहनुहुन्छ ।' 'ट्रम्पको पोस्टले मलाई एक मतदाताका रूपमा मैले यो निर्वाचनका लागि आफ्नो वास्तविक योजनाहरूका बारेमा अत्यन्त पारदर्शी हुन आवश्यक छ भन्ने निर्णयमा पुर्‍याएको छ', स्विफ्टले लेखेका छन्, 'मैले मेरो अनुसन्धान गरेँ र आफ्नो रोजाइ बनाएँ ।'
ट्रम्पले बुधबार स्विफ्टको कदम 'समयको प्रश्न मात्र थियो' भनेका छन् । उनले 'फक्स एन्ड फ्रेन्ड्स' लाई भने । 'स्विफ्ट अत्यन्त उदार व्यक्ति हुनुहुन्छ, उहाँ सधैँ डेमोक्रेटलाई समर्थन गरेको देखिनुहुन्छ र सम्भवतः उहाँले बजारमा यसको मूल्य चुकाउनुपर्नेछ ।' स्विफ्टले सन् २०२० मा डेमोक्रेट उम्मेदवार जो बाइडेनलाई समर्थन गरे । तत्कालीन उपराष्ट्रपति माइक पेन्सविरुद्ध बहसमा ह्यारिसका लागि खुशी व्यक्त गरे । उनले ट्रम्पको खुलेआम आलोचना गर्दै भने, 'उहाँले श्वेत वर्चस्व र नस्लवादको आगो सल्काउनुभएको छ ।'
स्विफ्ट मुलुकभर विशेषगरी डेमोक्रेटहरूमाझ लोकप्रिय व्यक्तित्व हुनुहुन्छ । सन् २०२३ को अक्टोबरमा फक्स न्युजले गरेको सर्वेक्षणमा ६८ प्रतिशत डेमोक्रेटसहित समग्रमा ५५ प्रतिशत मतदाताहरूले स्विफ्टप्रति उनीहरूको दृष्टिकोण अनुकूल थियो भनेका छन् । सर्वेक्षणमा ४३ प्रतिशतको राय अनुकूल र ४५ प्रतिशतको प्रतिकूलसहित रिपब्लिकनहरू विभाजित रहेको देखिएको थियो । रासस

# एन्फा महिला लिगः पुलिस क्लबद्वारा कोशी प्रदेश पराजित

**काठमाडौँ ।**
एन्फा महिला लिगअन्तर्गत बुधबार भएको खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले कोशी प्रदेशलाई पराजित गरेको छ । जितसँगै पुलिस क्लब लिगको शीर्ष स्थानमा उक्लिएको छ ।
ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बुधबार भएको खेलमा पुलिसले कोशी प्रदेशलाई ४–० गोलअन्तरले पराजित गरेको हो । शीर्ष स्थानमा उक्लिएको पुलिसले चार खेलबाट १० अङ्क जोडेको छ । प्रतियोगितामा पहिलो हार बेहोरेको कोशी नौ अङ्क जोड्दै दोस्रो स्थानमा छ ।
पुलिसका लागि अनुष्का शेर्पा, निर्मला उपाध्याय, सम्झना लावती र अमृता जैशीले गोल गरे ।
पुलिसले खेलको २४ औँ मिनेटमा अनुष्काको गोलमार्फत सुरुआती अग्रता लिएको थियो । खेलको ४६ औँ मिनेटमा पुलिसकी निर्मलाले गोल गरिन् ।
यस्तै खेलको ८०औँ मिनेटमा सम्झनाले गोल गर्दै पुलिसलाई ३–० को अवस्थामा पुर्याइन् । त्यसपछी खेलको ८८औँ मिनेटमा अमृताले गोल गरेर पुलिसलाई ४–० गोलको जित दिलाइन् ।
अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले आयोजना गरेको उक्त प्रतियोगितामा १० टोलीको सहभागिता रहेको छ । रासस

# भारतमा सामसुङका श्रमिक आन्दोलित

**मुम्बई ।**
दक्षिण भारतमा सामसुङ इलेक्ट्रोनिक्सका कर्मचारीहरुले राम्रो तलब र कामको समयको माग गर्दै सोमबारदेखि जारी गरेको एक हप्ताको हडताल बुधवार पनि भयो । उपभोक्तासँग प्रत्यक्ष सरोकार राख्ने प्रविधि कम्पनीले औद्योगिक कर्मचारीको आन्दोलनको प्रभाव उत्पादनमा नपर्ने बताएको छ ।
भारत विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश हो र यसको बढ्दो मध्यम वर्ग सामसुङको बढ्दो बजारको लागि एक महत्वपूर्ण स्रोत हो ।
सामसुङको उत्पादनले दक्षिण कोरियाको कुल गार्हस्थ्य उत्पादनको लगभग एक चौथाई हिस्सा ओगटेको छ ।
हडतालले समूहको कर्मचारीको पछिल्लो असन्तोषकोलाई सङ्केत गर्दछ । जुलाईमा दक्षिण कोरियामा हजारौं युनियनमा आवद्ध कामदारहरुले तलब र लाभको विषयमा हडताल गरेका थिए ।
दक्षिणी शहर चेन्नईबाहिर रहेको एक प्लान्टमा टेलिभिजन, रेफ्रिजेरेटर र अन्य उपभोग्य सामग्री निर्माण गर्ने करिब एक हजार ८०० कामदार कार्यरत सामसुङका सयौं कर्मचारीले आन्दोलनमा भाग लिएका छन् ।
'उच्च ज्याला र राम्रो काम गर्ने समयको अतिरिक्त, हामीले कम्पनीसँग हाम्रो युनियनलाई मान्यता दिन पनि माग गरिरहेका छौं,' श्रमिक प्रतिनिधि र युनियनका नेता ई.मुथुकुमारले एएफपीलाई बताए । उनले भने,'हामीले हाम्रो माग कम्पनीलाई दिइसकेका छौं र उनीहरूसँग वार्ता गरिरहेका छौं ।'
मुथुकुमारका अनुसार हडतालका कारण उक्त क्षेत्रमा उत्पादनमा असर परेको छ । तर सामसुङ इण्डियाका प्रवक्ताले भने कामदारको हित कम्पनीका लागि 'उच्च प्राथमिकता'रहेको र यसले कम्पनीको ग्राहकहरूलाई कुनै पनि 'व्यवधान' नहुने बताएका छन् । प्रवक्ताले भने, 'हामी हाम्रा कामदारहरूसँग सक्रिय रूपमा भेटवार्तामा छौं ताकि उनीहरूसँग हुन सक्ने कुनै पनि गुनासोलाई सम्बोधन गर्न र सबै कानून र नियमहरूको पालना गर्न सकियोस् ।'
संयुक्त राज्य अमेरिकासँगको भूराजनीतिक तनाव र अन्य आर्थिक अड्चनका कारण चीनबाट बाहिर उत्पादन विविधीकरण गर्न चाहने प्रविधि कम्पनीहरूको लागि भारतले एक उदीयमान विनिर्माण हबको रूपमा आफूलाई प्रस्तुत गरेको छ ।
गुगलले यसै वर्ष भारतमा आफ्नो उत्पादन सुरु गरेको छ भने ताइवानी इलेक्ट्रोनिक्स जायन्ट फक्सकन, एप्पल आईफोनको प्रमुख 'एसेम्बलर'ले प्रविधिका लागि चिनिने नजिकै एक प्रमुख फोन 'एसेम्बली प्लान्ट' स्थापना गर्दैछ ।रासस

# इजरायली सेनाको हेलिकप्टर गाजामा दुर्घटना हुँदा दुई सैनिकको मृत्यु



**जेरुसेलम ।**
दक्षिणी गाजा पट्टीको रफाह क्षेत्रमा रातभरको मिसनका क्रममा सैनिक हेलिकप्टर दुर्घटना हुँदा दुई इजरायली सैनिकको मृत्यु भएको इजरायली सेनाले बुधबार जनाएको छ ।
इजरायली वायुसेनाको ब्ल्याक हक हेलिकप्टर एक घाइते सैनिकलाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा दुर्घटनाग्रस्त भएको थियो । अन्य सात सैनिक घाइते भएका र तिनीहरूलाई चिकित्सा हेरचाहको लागि बाहिर लगिएको सेनाको विज्ञप्तिमा उल्लेख छ । 'प्रारम्भिक अनुसन्धानले शत्रुको कारबाहीका कारण दुर्घटना नभएको देखाएको छ', विज्ञप्तिमा भनिएको छ । घटनाको कारणबारे वायुसेना कमाण्डर टोमर बारद्वारा नियुक्त समितिले थप अनुसन्धान गरिरहेको छ ।रासस

# ताप्लेजुङ गोल्ड कपबाट ५५ लाख आम्दानी

**फुङलिङ ।**
ताप्लेजुङ गोल्ड कप २०८१ को बुधबार पत्रकार सम्मेलनमार्फत आयव्यय विवरण सार्वजनिक गरिएको छ । सहयोग तथा टिकट बिक्रीबाट ५५ लाख ६४ हजार एक सय २९ रुपैयाँ आम्दानी भएको हो ।
कोषाध्यक्ष निरोज श्रेष्ठका अनुसार कार्यक्रम सम्पन्न गर्न ७३ लाख २० हजार सात सय ४८ रुपैयाँ खर्च भएको छ । हाल समितिले १७ लाख ५६ हजार छ सय १९ रुपैयाँ तिर्न बाँकी रहेको छ ।
यो रकम स्थानीय तह, हाइड्रोपावर कम्पनी, सङ्घसंस्था तथा बास बिक्रीमार्फत सङ्कलित आम्दानीबाट तिर्ने योजना रहेको आयोजकले जनाएको छ । फुङलिङ नगरपालिकाले पाँच लाख रुपैयाँ सहयोग गरेको छ भने मेरिडेदेन र मैवाखोला गाउँपालिकाले एक–एक लाख रुपैयाँका दरले सहयोग गर्ने निर्णय गरेका छन् । अन्य पालिकाहरूले पनि सहयोगको प्रतिबद्धता जनाएका छन् ।
जिल्ला समन्वय समितिले ५० हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ भने स्पार्क हाइड्रोपावर, पाथीभरा केबलकार र सानिमा मध्यतमोर हाइड्रोपावर लगायतका संस्थाबाट रकम उठ्न बाँकी रहेको आयोजकले जनाएको छ ।
खेल अवधिभर टिकट बिक्रीबाट २३ लाख ७६ हजार छ सय रुपैयाँ र विभिन्न सङ्घसंस्था तथा व्यक्तिबाट ३१ लाख ८७ हजार पाँच सय २९ रुपैयाँ सङ्कलन गरिएको छ । यस रकमले प्रतियोगिताको पुरस्कार वितरण, खेलमैदान तयारी, स्टेज व्यवस्थापन, ट्रफी, मेडल, टिम व्यवस्थापनलगायत विभिन्न खर्च धानिएको छ ।
पूर्वखेलाडीहरूको सम्मान, रेफ्री र अफिसियल व्यवस्थापन, यातायात, मिडिया, मेडिकल, तथा खाजा खर्च लगायतका विभिन्न शीर्षकमा पनि उल्लेखनीय खर्च भएको छ ।
साथै लाखेजाला सञ्चालन समितिले पाँच लाख ८८ हजार आठ सय १० रुपैयाँ अचल सम्पत्ति जोडेको छ र १८ लाख ५० हजार रुपैयाँ बैङ्क खातामा राखेको छ ।
त्यसलाई आगामी योजनाका लागि सुरक्षित गरिएको कोषाध्यक्ष श्रेष्ठले बताए । रासस

# बीवाईडीको प्राथमिकतामा पर्छ नेपाली बजारः लिउ




*चिनियाँ विद्युतीय गाडी (ईभी) निर्माता कम्पनी 'बिल्ड योर ड्रिम्स' (बीवाईडी) ले पछिल्लो ६ वर्षदेखि नेपाली बजारमा उल्लेख्य उपस्थिति जनाइरहेको छ । नेपाली ईभी बजारमा बीवाईडीको 'क्रेज' व्यापक रहेको देख्न सकिन्छ । हालै सम्पन्न अटो मेला 'नाडा अटो शो–२०२४' मा बीवाईडीको स्टलमा देखिएको भीडभाडले पनि यसको क्रेज कति छ भन्ने देखिएको थियो । नाडा अटो शोमा बीवाईडीले आफ्नो पछिल्लो उत्पादन 'सिलायन ०७' सार्वजनिक गरेको थियो ।*




*यहीबीच बीवाईडीका एसिया प्रशान्त क्षेत्र हेर्ने महाप्रबन्धक लिउ जुएलियाङ नेपाल आएका छन् । काठमाडौं विश्वविद्यालयसँग एउटा परियोजनामा सम्झौता गर्न तथा बीवाईडीको नेपालस्थित आधिकारिक विक्रेता साइमेम्स इंकले स्थापना गर्ने 'साइमेक्स बीवाईडी च्यारिटी फाउन्डेसन' (सीबीसीएफ) उद्घाटन गर्न लिउ यहाँ आएका हुन् ।*

*यही मेसोमा बीवाईडीको पछिल्लो व्यापार अवस्था, सफलताका रणनीति, नेपालमा बीवाईडीको व्यापार लगायत विषयमा केन्द्रित रहेर गरिएको कुराकानीः*

**उत्पादन क्षमता, बिक्री, निर्यात परिमाण र व्यापार तथ्यांक हेर्दा बीवाईडी अहिले संसारकै सबैभन्दा ठूलो ईभी कम्पनी बन्न सफल भएको छ । बीवाईडीको पछिल्लो व्यापार परिदृश्य कस्तो छ ?**

– बीवाईड एक बहुराष्ट्रिय ईभी उत्पादक कम्पनी हो । हामीले उत्पादन गरेका ईभी अहिले संसारका ९४ देशमा कुदिरहेका छन् । यो मानेमा हामी आफूहरूलाई भाग्यमानी ठान्छौं । हामीले गत वर्ष संसारभरि ३० लाखभन्दा धेरै युनिट गाडी बेचेर नयाँ रेकर्ड कायम गरेका थियौं । यो भनेको बिक्रीका हिसाबले संसारका १० ठूला कार विक्रेता कम्पनीको सूचीमा सूचीकृत हुनु हो । चीनको कुरा गर्ने हो भने कार बिक्री र ब्रान्डका हिसाबले बीवाईडी सबैभन्दा उत्कृष्ट उत्पादक कम्पनी हो ।

संसारका अन्य धेरै ईभी कम्पनीलाई पहिला हामी पछ्याउँथ्यौं, तर अहिले उनीहरूले बीवाईडीलाई पछ्याइरहेका छन् । यो हामी र संसारभरिका हाम्रा सन्तुष्ट ग्राहकका लागि पनि खुसी र गर्वको कुरा हो ।

बीवाईडीले अपनाउने अत्याधुनिक प्रविधिका कारण स्वदेशीदेखि अन्तर्राष्ट्रिय बजारमा हाम्रो उपस्थिति बलियो देखिएको हो । अहिले ६ वटै महादेशमा बीवाईडीका गाडी कुदिरहेका छन् । बीवाईडीको उन्नत प्रविधि र विश्वभरिका उपभोक्तालाई अझै बढी पर्यावरण मैत्री र योग्य परिवहन समाधान उपलब्ध गराउने प्रतिबद्धता सदैव कायम रहने छ । हाम्रो कम्पनीको पछिल्लो व्यापार अवस्थाबाट हामी खुसी छौं र यसलाई अझै बढाउँदै लैजान हामी लागिपरेका छौं ।

**विश्व ईभी बजारमा बीवाईडीले एउटा भिन्नै तरंग ल्याएको छ । पछिल्लो पटक बीवाईडीले संसारकै चर्चित अमेरिकी ईभी कम्पनी टेस्लालाई उछिनेको छ । यो कसरी सम्भव भयो ?**

– पहिलो कुरा, बीवाईडी एउटा यस्तो कम्पनी हो जुन उन्नत प्रविधिमा सधैं विश्वास गर्छ । बीवाईडीले संसारकै एकमात्र यस्तो कम्पनी हो जसले प्रविधिमा आधारित रहेर ब्याट्री उत्पादन हुँदै ईभी उत्पादन थालेको थियो । सन् १९९५ मा रिचार्जेबल ब्याट्री कम्पनीका रूपमा बीवाईडी स्थापना भएको थियो । त्यसको आठ वर्षपछि मात्रै हामी ईभी उत्पादनमा फड्को मारेका थियौं । हाम्रो व्यापार, उत्पादन क्षमता, पर्यावरण मैत्री उत्पादन, उन्नत प्रविधि जस्ता कारण बीवाईडी संसारकै अब्बल ईभी निर्माता बन्न सफल भएको हो । संसारका अन्य धेरै ईभी कम्पनीलाई पहिला हामी पछ्याउँथ्यौं, तर अहिले उनीहरूले बीवाईडीलाई पछ्याइरहेका छन् । यो हामी र संसारभरिका हाम्रा सन्तुष्ट ग्राहकका लागि पनि खुसी र गर्वको कुरा हो ।

**बीवाईडीले सन् २०२३ मा कति युनिट गाडी बिक्री गरेको थियो र नेपालमा हालसम्म कति युनिट बिक्री गरेको छ ?**




– हामीले सन् २०२३ मा ३० लाख २४ हजार ४ सय १७ हजार युनिट ईभी बिक्री गरेका थियौं । यो हाम्रो लक्ष्यभन्दा धेरै नै राम्रो परिमाण हो र यो बिक्रीतर्फको हाम्रो कीर्तिमान हो । यो भनेको संसारकै सबैभन्दा धेरै ईभी बेच्ने कम्पनीमा दरिनु हो । यो सफलता लगातार दोस्रो वर्षको हो । यो वर्ष २०२४ नसकिँदै हामी संसारका उत्कृष्ट १० ईभी निर्माता कम्पनीमा सूचीकृत भइसकेका छौं । सन् २०२३ डिसेम्बरमा मात्रै ३ लाख ४१ हजार ४३ युनिट बेचेका थियौं । यो भनेको ४५ प्रतिशतले बढी हो । यो २०२२ को दाँजोमा ६२ प्रतिशतको बढोत्तरी हो ।

अन्तर्राष्ट्रिय बजारको कुरा गर्दा बीवाईडीको ईभी निर्यात ३ सय ३४ प्रतिशतले बढेर २ लाख ४२ हजार ७ सय ६५ युनिट पुगेको छ । यो सफलता प्राप्त गर्न विश्वभरि छरिएर रहेका हाम्रा साझेदार, बीवाईडीलाई मन पराउने सन्तुष्ट ग्राहक सबैको अमूल्य योगदान छ । अब नेपालको व्यापारबारे कुरा गर्दा बीवाईडीले नेपाली बजार प्रवेश गरेयता हालसम्म ५ हजार ४ सय युनिट बेचिसकेको छ । नेपाल हाम्रो प्राथमिकतामा पर्ने ईभी बजार हो ।

नेपालस्थित हाम्रो साझेदार साइमेक्स इंकको मिहिनेत र लगावबाट हामी औधी खुसी छौं । नेपालको ईभी बजारमा अझै हिस्सा बढाउँदै जाने लक्ष्य छ ।

**आकार र व्यापारका हिसाबमा भन्नुपर्दा नेपालको ईभी बजार केही सानो छ, तर बीवाईडी सहित संसारका धेरै ईभी कम्पनीका उत्पादन नेपालमा उपलब्ध छन् । यो सन्दर्भमा नेपालको ईभी बजारको सम्भावनालाई कसरी हेर्नुभएको छ ?**

– नेपालको ईभी बजारबाट हामी एकदमै प्रभावित छौं । सन् २०१८ मा हामी नेपाल प्रवेश गरेका थियौं । त्यसयता हामीले बिस्तारै नेपाली बजारमा हाम्रो उपस्थिति बढाउँदै लगेका छौं । नेपालमा पर्यावरण मैत्री ईभी बेच्दै लाने हाम्रो लक्ष्य हो । नेपाली बजार ईभीका लागि पूर्णरूपमा तयार भइसकेको हाम्रो अनुभवले देखाएको छ ।

नेपाली बजार प्रवेश गरेको ६ वर्षमै हामीले ५ हजार ४ सय युनिट बेचेका छौं । यो भनेको त्यति नै संख्या र तिनका परिवारका सदस्य सन्तुष्ट उपभोक्ता हुन् भन्ने हाम्रो बुझाइ हो । नेपालमा हामीलाई स्थानीय साझेदारबाट एकदमै सहयोग मिलेको छ । यो मानेमा हामी औधी खुसी छौं ।

**बीवाईडीले पछिल्लो पटक नेपालमा धेरै नै राम्रो व्यापार गरेको देखिन्छ । नेपालमा थप व्यापार विस्तार गर्ने कुनै विशेष योजना बनाउनुभएको छ ?**

– साइमेक्स इंक नेपालको हाम्रो स्थानीय साझेदार हो भने अन्य धेरै सबडिलर नेपालभरि छरिएर रहेका छन् । ती सबैसँग हामी नजिकमा रहेका सहकार्य गरिरहेका छौं । प्रविधि, नवीनता, मोडेल र मूल्य र उपयोगिताका हिसाबले नेपालमा बीवाईडी नै छनोट गर्नुपर्ने देखिन्छ भन्ने हाम्रो दाबी हो ।

बीवाईडीका सबै पछिल्ला उत्पादन र भविष्यमा आउने ईभी सबै नेपाली बजारमा उपलब्ध गराउने हाम्रो प्रतिबद्धता छ । नेपाली ईभी उपभोक्तालाई सकेसम्म सरल मूल्यमा सहजै विभिन्न मोडेलका ईभी उपलब्ध गराउने हाम्रो सधैंको उद्देश्य हो ।

**नेपालमा धेरै ब्रान्डका चिनियाँ ईभी खरिद गर्न पाइने विकल्प उपलब्ध छ । नेपालमा बीवाईडी नै छनोट गर्नुपर्ने कुनै कारण छ ?**

– पहिलो कुरा, बीवाईडी संसारकै नम्बर वान न्यु इनर्जी भेहिकल निर्माता कम्पनी हो । त्यसबाहेक बीवाईडी संसारकै पहिलो यस्तो कम्पनी हो जसले एक वर्षमा ८० लाख युनिट विभिन्न मोडेलका ईभी उत्पादन गरेको छ । अत्याधुनिक र नवीन प्रविधिमा आधारित रहेर पर्यावरणमैत्री ईभी उत्पादन हाम्रो प्रमुख लक्ष्य हो ।

बीवाईडीले उत्पादन गर्ने दर्जनौं ईभी ब्रान्ड नेपालीमा बजारमा हामी सरल मूल्यमा सहजै उपलब्ध गराउँछौं । यसले गर्दा नेपाली उपभोक्तालाई पनि छनोटका लागि धेरै नै विकल्प उपलब्ध रहेको छ । प्रविधि, नवीनता, मोडेल र मूल्य र उपयोगिताका हिसाबले नेपालमा बीवाईडी नै छनोट गर्नुपर्ने देखिन्छ भन्ने हाम्रो दाबी हो ।

**नेपालमा बीवाईडीको प्रतिस्पर्धी ईभी ब्रान्ड कुन हो जस्तो लाग्छ ?**

– प्रविधि, मोडेल, नवीनता लगायत सबै कारण हेर्दा नेपालमा बीवाईडीको प्रतिस्पर्धी ईभी ब्रान्ड छ जस्तो लाग्दैन' (हाँसो) । बीवाईडीका उत्पादन बढिभन्दा बढी नेपाली उपभोक्तामाझ पु¥याउने हाम्रो लक्ष्य र उद्देश्यमा स्थानीय साझेदारको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ । हाम्रो नेपाल साझेदार साइमेक्स इंकले हामीलाई सफल गराउन कुनै कसर बाँकी राख्दैन भन्ने हाम्रो विश्वास छ ।

**ईभी बजारमा जारी प्रतिस्पर्धालाई कसरी हेर्नुभएको छ ?**

– प्रतिस्पर्धा भनेको जुनसुकै क्षेत्रमा हुन्छ । ईभी बजारमा रहेको प्रतिस्पर्धालाई हामीले सहज लिएका छौं । विश्वबजारमा मात्र होइन, नेपालको ईभी बजार जहाँ पनि उस्तै हो । विशेषगरी नेपालको प्रतिस्पर्धी ईभी बजारको कुरा गर्दा यहाँ चीनका मात्र होइन, संसारका धेरै देशका ईभी ब्रान्ड उपलब्ध छन् । त्यो हिसाबले नेपालमा प्रतिस्पर्धा त कडा खालको छ, तर पनि हामी प्रतिस्पर्धामा खरो उत्रिन तयार छौं । अनलाइनखबर

# मधेशमा भ्रष्टाचारविरुद्धको अभियान सशक्त बनाइनेछः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त जनउत्तरदायी बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा जनकपुरधाममा बुधबार आयोजित भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना २०८१ सम्बन्धमा अन्तरिक्रया कार्यक्रममा मुख्यमन्त्री सिंहले सुशासन, विकास र समृद्धि प्रदेश सरकारको प्राथमिकता रहेको उल्लेख गरे । उनले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्ष राष्ट्र भएकाले नेपालका तीनै तहका सरकारले भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्नुपर्ने औंल्याए । उनले भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न प्रदेश सरकारले नीतिगत, कानुनी र संस्थागत कार्य गर्ने जानकारी दिए । मुख्यमन्त्री सिंहले सबै किसिमका भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी नैतिकतामा आधारित समाजको स्थापना गर्नु चुनौतीपूर्ण रहेको भन्दै सरकारले भ्रष्टाचारविरुद्धको अभियानलाई सशक्त र प्रभावकारी बनाउन अधिकतम साधनस्रोत तथा संयन्त्र परिचालन गर्ने बताए । मुख्यमन्त्री सिंहले भ्रष्टाचार हुने सम्भावना न्यून गर्न प्रदेश सरकारले जोखिमपूर्ण क्षेत्रको पहिचान गरी सेवाग्राहीको बढी चाप हुने कार्यालय तथा निकायमा सिसिटिभी जडान, सार्वजनिक निकायका लागि विनियोजित बजेट एवम् खर्च तथा प्रगतिको विवरण सार्वजनिक गर्ने परिपाटी विकास, सार्वजनिक पदाधिकारीमा सदाचार, इमान्दारी र जिम्मेवारीको भावना विकास गर्न आचारसंहिता निर्माण तथा तिनको कार्यान्वयन गर्नेजस्ता काम गरिरहेको प्रस्त्याए ।

उनले कर्मचारीको हाजिरी तथा कामकाजको छड्के अभियानलाई आफूले केही समययता तीव्रता दिएको भन्दै सरकारी कामकाजमा ढिलासुस्ती गर्ने कर्मचारीविरुद्ध कारबाही गर्न पछि नपर्ने बताए ।

उनले सार्वजनिक खरिद ऐनका जटिलता सरलीकृत गरिनुपर्ने भन्दै सुशासनलाई टेवा दिन ऐनका प्रावधानविपरीत काम नगर्न आफूले कर्मचारीहरूलाई निर्देशन दिएको समेत सुनाए ।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव राजेन्द्र थापाले भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना २०८१ का विषयमा जानकारी गराएका थिए ।

कार्यक्रममा प्रदेश तथा स्थानीय तहका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

# वडाध्यक्ष यादवको मृत्युबारे अनुसन्धान गर्न प्रचण्डको आग्रह

**मधेशदृष्टि**
**महोत्तरी ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले महोत्तरीको रामगोपालपुर नगरपालिका–२ का वडाध्यक्ष मुकेशकुमार यादवको मृत्युको कारणबारे तत्काल अनुसन्धान गर्न सरकारसँग आग्रह गरेका छन् । दिवङ्गत यादवको स्मृतिमा बुधबार महोत्तरीमा भएको श्रद्धाञ्जलीसभामा उनले यस्तो आग्रह गरेका हुन् । वडाध्यक्ष यादवको शव यही भदौ ९ गते महोत्तरीको बर्दिवास र औरही नगरपालिकाको सिमानामा फेलापरेको थियो । घरपरिवार र जिल्लास्थित राजनीतिक दलहरुले उनको हत्या भएको आशंका गर्दै उच्चस्तरीय अनुसन्धानको माग गर्दै आएका छन् ।

वडाध्यक्ष यादवको हत्याको अनुसन्धानको माग गर्दै जिल्लास्थित राजनीतिक दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र जसपा नेपालका नेताहरु केही दिनअघि राजधानीसम्म आएका थिए । अध्यक्ष दाहालले यादवको निधन दुर्घटनाबाट भयो वा हत्या हो, यसको उच्चस्तरीय छानबिनका लागि सरकारलाई भनिएको र फेरि पनि त्यसका लागि आग्रह गरिने जानकारी दिँदै त्यसमा लापरबाही नगर्न अनुरोध गरे । यसको निष्पक्ष छानबिन हुनुपर्नेमा जोड दिँदै उनले स्थानीयले निरन्तर आवाज उठाइरहनुपर्ने बताएको अध्यक्ष दाहालको निजी सचिवालयले जनाएको छ । माओवादी केन्द्रका तर्फबाट निर्वाचित वडाध्यक्ष यादव राजनीतिक कार्यकर्ता मात्र नभई मधेशको सामाजिक अभियन्ता पनि भएको उल्लेख गर्दै अध्यक्ष दाहालले यादवको स्मृतिमा प्रतिष्ठान गठन गर्न र उनका छोराछोरीको पठनपाठनको व्यवस्था मिलाउन प्रदेश र जिल्ला पार्टी नेतृत्वलाई निर्देशन दिए । उनले यसमा पार्टी केन्द्रको तर्फबाट पनि सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

मृतक यादवकी श्रीमती आइती यादवले शव र घटनास्थलको प्रकृति हेर्दा दुर्घटनाभन्दा पनि हत्या गरेर दुर्घटना देखाउन खोजेको जस्तो देखिने बताइन् । उनले श्रीमान्को निधनको सत्यतथ्य पत्ता लागे आफूहरुलाई न्याय हुने उल्लेख गर्दै त्यसका लागि पहल गरिदिन अध्यक्ष दाहालसँग अनुरोध गरिन् । स्वर्गीय यादवको स्मृतिमा आयोजित श्रद्धाञ्जलीसभामा माओवादी केन्द्रका अन्य पदाधिकारी, प्रदेशमा कार्यरत केन्द्रीय सदस्य, प्रदेश पदाधिकारी र स्थानीयको उपस्थिति थियो ।

# धोविनीको बजेट सार्वजनिक गर्न ज्ञापन



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका धोवीनी गाउँपालिकाका जनप्रतिनिधीहरुको कारण हालसम्म पालिको बजेट सार्वजनिकरण नभएको भन्दै स्थानीय नेताहरुले अध्यक्ष मदन चौहानलाई ज्ञापनपत्र बुझाएका छन् । गाउँपालिकाको कार्यलयमा पुगी नेता तथा स्थानीयले चालुआर्थिक बर्षको लागि बजेट पारित तत्काल नगरे आफुहरु चरणबद्ध आन्दोलन गर्ने लेसपाका नेता ललन कुर्मीले चेतावनी दिए । कुर्मीका अनुसार निर्वाचित जनप्रतिनधीहरुको झगडाको कारण बजेट पारित नभएको तर उनीहरुको आपसी झगडाको कारण पिद्यालयमा अध्यनरत बालबालिकाको दिवा खाजा रोकिएको बताए । कुर्मीका अनुसार समयमा बजेट पारित नहुँदा संघ तथा प्रदेश सरकारले दिने अनुदान रकम बर्षेनी कटौती हुँदै आएको बताए । नेताहरुको आपसी विवादको कारण सर्वसाधारण मारमा परेकाले आफु दवाब स्वरुप प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियार तथा आउँपालिका अध्यक्ष चौहानलाई संयुक्त रुपमा ज्ञापनपत्र बुझाइएको उनले बताए । भदौ मसान्तसम्म बजेट सार्वजनिक नगरे असोज पहिलो सातादेखि गाउँपालिकाको कार्यलयमा तालाबन्दी गरि विरोधको कार्यक्रम ल्याउने कुर्मीको भनाई छ । त्यसै गरि चालुआर्थिक बर्षका लागि बजेट बनाउँदा जनमुखी हुन पर्ने उनको भनाई थियो । टुक्रे योजना भन्दा ठोस देखने गरि ठूलाठूला योजना बनाउन ज्ञापन पत्रमा उल्लेख गरिएको छ । बालबालिका, वृद्ध, अशक्त, महिला तथा युवा मैत्री बजेट हुनु पर्ने स्थानियहरुको माग थियो । बेरोजगार युवाहरुलाई रोजगार दिने कार्यक्रम ल्याउन पर्ने माग गरेका छन । ज्ञपान पत्रमा लंगडी स्वास्थ्य चौकीमा एमबिबिएस, डक्रटर हुनु पर्ने, बन्द ल्याब संचालन, गाउँपालिकाका सार्वजनिक अतिक्रमित जग्गा खोजी गरि बृक्षारोपन, विद्यालयहरुमा विषयगत शिक्षक, शिक्षिकाको व्यवस्था, बालमैत्री विद्यालय, कृषि कार्यका लागि विद्युतिकरण, महिला, अपाङ्का लागि घुम्ती शिविर संचालन गरि उपचार गर्ने जस्ता विषयलाई यसपालिको बजेटमा राखि दिन स्थानीयले लिखित सुझाव समेत दिएका छन् । ज्ञापनपत्र बुझाउन अम्बिका राउत कुर्मी, जंगबहादुर कुर्मी, महमद मेराज लगायतका स्थानीय गाउँपालिका कार्यालय पुगेका थिए ।







# पाँच वटा मन्त्रालय निमित्तको भरमा



मधेश प्रदेशमा प्रदेश प्रमुखको कार्यालयसहित ५ वटा मन्त्रालय निमित्त सचिवकै भरमा चलेका छन् । मधेश सरकारको महत्त्वपूर्ण निकाय र विकासे मन्त्रालय निमित्त सचिवको भरमा चलेको लामो समय भएको छ । मधेश प्रदेशको प्रदेश प्रमुखको कार्यालयमा प्रदेश प्रमुख सावित्री सुवेदी भण्डारी नियुक्त भएदेखि नै सचिवविहीन छ । त्यहाँ लुम्बनाथ पोखरेललाई निमित्त सचिवको जिम्मेवारी तोकिएको छ । यस्तै, प्रदेशसभा सचिवालय पनि लामो समयदेखि सचिवविहीन छ । प्रदेशसभा सचिवालयमा विपिन ठाकुरलाई निमित्त सचिवको जिम्मेवारी दिइएको छ । प्रदेशसभामा यसअघि निमित्त सचिव नै रहेका अरुण झा जिल्ला न्यायाधीशमा नियुक्त भएपछि रिक्त सचिव पदमा फेरि निमित्त सचिव नै ल्याइएको हो ।

यस्तै, मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पनि एक जना सचिव पद रिक्त रहेको छ । तीन जना सचिव हुनुपर्ने मुख्यमन्त्री कार्यालयमा भने हाल दुई जना सचिव कार्यरत छन् । भौतिक पूर्वाधार विकास मन्त्रालयमा पनि निमित्त सचिव नै छन् । उक्त मन्त्रालयमा संजयप्रसाद साहलाई निमित्त सचिवको जिम्मेदवारी दिइएको छ । त्यस्तै, शिक्षा तथा संस्कृति मन्त्रालयमा पनि महेन्द्र महतोलाई निमित्त सचिवको जिम्मेवारी दिइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले रिक्त रहेका मन्त्रालयहरूमा सचिव (सह–सचिव) पठाइदिन संघीय सरकारलाई धेरैपटक अनुरोध गरिसकिएको जनाएको छ । मुख्यमन्त्री कार्यालयका एक अधिकारीका अनुसार सचिव रिक्त रहेका मन्त्रालयहरू निमित्तको भरमा चलाउनु बाध्यता रहेको छ ।










मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन